थाइल्याण्डका पूर्व प्रधानमन्त्री थाक्सिन कम्प्युटर अपराध... पृष्ठ ६ मा



जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily
www.ejanakpurtoday.com

वर्ष २६ • अंक ३१ • २०८१ साल असार ५ गते बुधबार (19 June, Wednesday, 2024) • पृष्ठ ८ • मूल्य रु. ५।-

## धनुषाबाट फर्जी लाइसेन्स वितरण, पाँच पक्राउ

**टुडे समाचारदाता**

जनकपुरधाम । नक्कली ड्राइभिंग लाइसेन्स जारी गर्ने कार्यमा संलग्न रहेका पाँच जना कर्मचारीलाई प्रहरीको केन्द्रीय अनुसन्धान व्यूरो (सीआईबी)ले पक्राउ गरेको छ।

पक्राउ पर्नेमा यातायात व्यवस्था कार्यालय जनकपुरमा कार्यरत सहायक कम्प्युटर अपरेटर दिलीप कुमार साहसहित ५ जना रहेका छन् ।

साह पक्राउ परेसँगै जनकपुरधामबाट पनि भारी संख्यामा फर्जी लाइसेन्स बितरण भएको अनुमान गरिएको छ । कम्प्युटर अपरेटर साहले सिस्टममै छिरेर गडबडी गरेको आरोप छ।

यातायात व्यवस्था कार्यालय बुटवलका तत्कालीन कार्यालय प्रमुख उपसचिव केशव अर्याल, यातायात व्यवस्था कार्यालय नवलपरासीमा कार्यरत कम्प्यूटर अधिकृत पदम राज आचार्य, तत्कालीन यातायात व्यवस्था कार्यालय बुटवलमा कार्यरत शाखा अधिकृत सुवास पौडेल समेत पक्राउ परेको सीआईबीका प्रवक्ता समेत रहेका एसपी होबिन्द्र बोगटीले जनाएका छन् ।

त्यसैगरी पक्राउ पर्नेमा यातायात व्यवस्था कार्यालय चितवनमा कार्यरत सहायक कम्प्यूटर अपरेटर राजेश लम्साल पनि रहेका छन् ।

यातायात व्यवस्था विभागको केन्द्रीय सवारीचालक अनुमतिपत्र प्रणाली लागु हुनुभन्दा अगाडि प्रणाली कार्यान्वयनमा रहेको ईडीएल प्रणालीमा स्थानान्तरण हुन बाँकी सवारीचालक अनुमतिपत्रहरु पेपरकार्ड विधिमार्फत यातायात व्यवस्था कार्यालयले ईडीएल प्रणालीमा ईन्ट्री गरी सवारीचालक अनुमतिपत्रहरु वितरण गर्ने व्यवस्था गरेको थियो ।

यसरी पेपरकार्ड विधिमार्फत यातायात व्यवस्था कार्यालयहरुले सवारीचालक अनुमतिपत्र वितरण गर्दा यातायात व्यवस्था कार्यालयका कर्मचारीहरु समेतको मिलेमतोमा प्रणालीमा फर्जी विवरणहरु इन्ट्री गर्ने गरिएको थियो ।

सो इन्ट्रीको आधारमा गैरकानूनी तवरले सवारीचालक अनुमतिपत्र जारी भएको पाइएपछि उक्त कार्यमा संलग्न ५ जना सरकारी कर्मचारीलाई सीआईबीले पक्राउ गरेको एसपी बोगटीले बताए ।

कर्मचारीहरुलाई पक्राउ गरी काठमाण्डु जिल्ला अदालतबाट ५ दिनको म्याद लिएर लिखत सम्बन्धी कसूर मुद्दामा अनुसन्धान गरिरहेको जनाइएको छ ।

सर्वोच्च अदालतले नक्कली सवारी चालक अनुमति पत्र बनाएर भ्रष्टाचार गरेको अभियोग लागेका १६ जनालाई सफाइ दिएको छ ।

उनीहरु माथि पनि कम्प्युटर प्रणालीको दुरुपयोग गरी सवारी चालक अनुमति पत्र जारी गरेको अभियोगमा भ्रष्टाचार मुद्दा खेपिरहेका थिए ।

# मेयर सिंहकी कान्छी श्रीमतीको मुद्दा खारेज

## मिलेमतोमा गरिएको मुद्दामा वादी र प्रतिवादी नै अनुपस्थित

**अनिल तिवारी**

वीरगञ्ज । मधेश प्रदेशको एकमात्र वीरगञ्ज महानगरपालिकाका मेयर राजेशमान सिंहले किर्तेगरी नागरिकता बनाएको प्रकरणमा कान्छी श्रीमतीको दाबी गरेकी रिता भट्टराईको सम्बन्ध विच्छेद र अंश मुद्दालाई जिल्ला अदालत पर्साले खारेज गरेको छ ।

पर्सा जिल्ला अदालतका सूचना अधिकारी अमृत मिश्रले मुद्दाका निवेदक र विपक्षी (वादी-प्रतिवादी ) दुवै पक्ष उपस्थित नभएपछि मुद्दा खारेज गरिएको बताएका छन् ।

'मुद्दाको निवेदन आयो ,तर तोकिएको समयमा दुवै पक्ष उपस्थित भएनन् ' सूचना अधिकारी मिश्रले भने, 'त्यसकारण मुद्दा डिसमिस भयो ।'

अदालतमा दाबी विरोध केही पनि नआएपछि अब मुद्दामा उठान गरिएको विवादको निरुपण अदालतबाट नभएको र पुरानो अवस्थामै यथावत रहेको रुपमा बुझ्नु पर्ने उनले बताए ।

वीरगञ्ज महानगरपालिकाका मेयर राजेशमान सिंहलाई पति दाबी गर्दै रिता भट्टराईको नामले दायर गरिएको अंश र डिभोर्स सम्बन्धी मुद्दा खारेज भएको हो । पर्सा जिल्ला अदालतको ५ नम्बर इजलासका न्यायाधीश प्रमेश पोखरेलको इजलासबाट जेठ २८ गते मुद्दा खारेज गरिएको छ ।

सो मुद्दाको फिराद पत्रमा राजेशमान सिंहसंग २०५७ साल माघ महिनाको २१ गते प्रेम विवाह गरेको दाबी गर्ने रीता भट्टराईले जिल्ला प्रशासन कार्यालय सिन्धुपाल्चोकबाट २०६५ वैशाख १२ गतेमा वंशजको आधारमा बनाएकी नागरिकतामा बुवा टीकाप्रसाद भट्टराई मात्र उल्लेख छ ।

शारीरिक सम्बन्धबाट मेयर राजेशमान सिंहसंग पति नाता कायम भएको दाबी गर्दै भट्टराईले २०८० माघ २८ गते अंश र डिभोर्स मुद्दा दायर गरेकी थिइन् । तर, दायर मुद्दाका सन्दर्भमा दाबी पेश गर्न निवेदक र विपक्षी दुवै उपस्थित नभएपछि अदालतले सो मुद्दा खारेज गरिदिएको छ ।

नक्कली छोरी कायम गरी किर्ते नागरिकता बनाएको उजुरीको छानबिन गर्न गृह मन्त्रालयले पठाएको उपसचिव पुष्कर राणा र अधिकृत परशुराम पोखरेलको छानबिन टोलीमा मेयर सिंहले रिता कान्छी श्रीमती भएको बयान दिएका थिए ।

गत माघ २७ गते टोलीसमक्ष दिएको बयानमा मेयर सिंहले रिता आफ्नी कान्छी श्रीमती भएको स्वीकार गर्दै रुबिना श्रेष्ठ छोरी भएको दाबी गरेका थिए ।

मेयर सिंहले वयान दिएको २४ घण्टा नबित्दै २०८० माघ २८ गते रिताको नामले जिल्ला अदालतमा मेयर सिंहलाई प्रतिवादी बनाउँदै अंश दिलाई सम्बन्ध विच्छेद गराउन मुद्दा दर्ता गराइएको थियो । जिल्ला अदालतमा मुद्दा दर्ता गराउँदा पेस गरिएको रुबिना श्रेष्ठको जन्मदर्ताको कागज नक्कली भएको प्रमाणसहित समाचार विभिन्न सञ्चार माध्यममा आएपछि मेयरले चालेको कानुनी चाल पनि असफल भएको थियो ।

कुनै पनि सरकारी रेकर्डमा मेयर सिंह र रिता बीच श्रीमती नाता कायम भएको देखिएको छैन । भट्टराईले





मेयर सिंहसंग आफूले प्रेम विवाह गरेको र सो कुरा सार्वजनिक रुपमा बाहिर नदेखाएको दाबी गर्दै आफ्नो शरीरबाट जन्मेकी छोरीको सम्पूर्ण भरण पोषण तथा सरकारी कागजात सिंहले नै बनाइदिएको आधारमा आफू उनको पत्नी भएको तथ्य स्थापित हुने रिताले फिराद पत्रमा उल्लेख गरेकी थिइन् ।

'प्रतिवादी राजेशमान सिंहकी पत्नी अन्नपूर्ण मानन्धर हुनु भएकोमा म फिरादीले प्रेम विवाह गरेका कारण प्रकाशमा नल्याए पनि मेरो उदार (शरीर) बाट जन्मेकी छोरी रुबिना श्रेष्ठको जन्मदर्ता, शैक्षिक प्रमाण पत्र एवम् नागरिकता निवेदनबाट म निजकै पत्नी भएको तथ्य स्थापित हुन्छ,' निवेदनमा उल्लेख गरिएको थियो ।

नेपाली कांग्रेस पर्सा क्षेत्र नम्बर २ का सभापति मोहम्मद शाहाबुदिनले मेयर सिंहले रिताकी छोरी रुबिनालाई आफ्नो छोरी बनाई जिल्ला प्रशासन कार्यालय पर्साबाट नागरिकता दिलाएर अध्ययनको लागि अस्ट्रेलिया पठाएको भनी जिल्ला प्रशासन कार्यालय पर्सामा गत पुस २४ गते सप्रमाण किर्तेमा कारबाहीको लागि निवेदन दिएका थिए । किर्ते नागरिकता प्रकरणमा छानबिनको लागि उनले दर्जनभन्दा बढी उजुरी विभिन्न सरोकारवाला निकायहरुमा दर्ता गराएका छन् ।

तर राज्यको नागरिकता सम्बन्धी कानुनले मेयर सिंहलाई छुन सकेको छैन । उनी कानुनभन्दा माथि रहेकाले किर्ते नागरिकतामा अन्य नागरिकहरु माथि कारबाही भए पनि मेयर सिंहलाई नछोएको बताइन्छ ।

रुबिना श्रेष्ठको फाइल जिल्ला प्रशासन कार्यालयबाट हराएकाले तदारुकता साथ खोजी भइरहेको पर्साका प्रमुख जिल्ला अधिकारी दिनेश सागर भुषालले बताउँदै आएका छन् ।






# फलामे सिक्रिमा बाँधिएका युवकको उद्धार



टुडे समाचारदाता

राजविराज । गरिबीका कारण औषधि उपचार गराउन नसकेर विगत पाँच वर्षदेखि आमाद्वारा फलामे सिक्रिले बाँधेर राखेका एक युवकको उद्धार हुने भएको छ।

प्तरीको शम्भुनाथ नगरपालिका- ७ का २२ वर्षीय प्रवीण चौधरीको उपचार मानव सेवा आश्रम जनकपुर गराउने भए पछि उद्धार गरिएको छ।

आश्रमका मधेश प्रदेश इन्चार्ज विवेक महतो, आश्रमका प्रतिनिधि सन्तोष थापामगर, इन्सेक सप्तरीका प्रतिनिधि मनोहर पोखरेललगायतको टोलीले उनको उपचार तथा व्यवस्थापनका लागि जनकपुरधाम ल्याएको छ।

त मनस्थितिका आफ्ना छोरालाई आर्थिक अभावका कारण औषधि उपचार गर्न नसकेर एकल महिलासमेत रहेकी ६५ वर्षीया आमा एश्वरीले विगत ५ वर्षदेखि छोरा प्रवीणलाई खाटमा फलामे सिक्रिले बाँधेर राख्न बाध्य थिइन्।

सुस्त मनस्थितिका छोरालाई चोटपटक नलागोस् र बाहिर गएर कसैसंग भै-झगडा नगरोस् भनेर सिक्रिले बाँधेर राख्नु परेको आमा एश्वरीले बताउँदै आएकी थिइन्।

१७ वर्षको उमेरमा अचानक प्रवीण मानसिक रुपमा विक्षिप्त भएका थिए। सडकलाई अलपत्र र सुस्त मनिस्थितिका मानवबाट मुक्त बनाउने अभियानमा लागेका आश्रमले छोरालाई उपचार गराइदिने भएपछि उनले आश्रमका प्रतिनिधिसंगै आएका टोलीप्रति हार्दिक धन्यवाद र आभार व्यक्त गरेकी थिइन्।

# ‘मधेशमा जताततै सपेताः पानी बेपत्ता’



महोत्तरी । मधेसका धेरैजसो ठाउँमा घुर्‍यानदेखि खेतबारीका आलीमा इक्युलिप्टिस वनस्पति लगाइएका देखिन्छन् । करिब चार दशक पहिलेदेखि खोजीखोजी लगाइएको यो वनस्पतिले जग्गा रुखो बनाउने र आसपासमा पानीका स्रोत सुक्न थालेका भन्दै अहिले विरोध गर्न थालिएको छ।

यो वनस्पतिलाई मधेशमा बोलीचालीमा सपेता, भिक्स र मसाला पनि भनिन्छ। पहिले खोजीखोजी यो वनस्पति लगाउनेहरूले नै अहिले पानीका स्रोत सुक्न थालेको भन्दै विरोध गर्न थालेका हुन्।

“बौवा, अई ठाम कइटा भूल छल, जहिया स मसाला रोपाक हुर्कैत गेला एम्भर सब भूल सुखागेल(बाबु, यहाँ कति जरुवा पानीका मूल थिए, रोपिएका मसालाका रुख हुर्कंदै गएपछि जरुवाका मूल सबै सुके)”, आफ्नो बस्तीको पुरानो बडहरी जलाधार भएको ठाउँ देखाउँदै महोत्तरीको भङ्गाहा-४ रामनगरका ७० वर्षीय शेष जव्वार भन्नुहुन्छ, “आब जल्दी यी नइ हटाओल गेल त पियवाला पाइन आब नई भेटत (अब चाँडै यो हटाइएन भने केही दिनपछि खानेपानी भेटिने छैन)।”

जव्वारमात्र होइन यहाँका धेरैले मधेशमा पानीको सङ्कटका धेरै कारणमध्ये एक मसाला पनि रहेको बताउन थालेका छन् । आफ्ना बस्तीका जोकाहा, भुताहा, भिल, टोका, पलारसहितका कैयौँ जरुवा पानीका मूल देख्दादेख्दै सुकेका भङ्गाहा-४ कै ८० वर्षीय चौठी बाँतर बताउनुहुन्छ । “पानीका मूल सुक्ने अरु कारण पनि होलान्, यो पढेलेखेकाहरूले बताउलान् तर एउटा कारणचाहिँ यो मसालाको रुख नै हो”, उहाँले भन्नुभयो।

मधेसमा केही दशक पहिले स्थानीयलाई आयआर्जनमा प्रोत्साहित गर्न वनसम्बद्ध निकाय र विभिन्न सङ्घसंस्थाले ‘आइरआइरमें सपेता, गरिबी सब बेपत्ता’ (आलीआलीमा सपेताः गरिबी सबै बेपत्ता) भन्दै यो वनस्पति रोप्ने लहर नै चलेको थियो । सुरूमा विसं २०४० को दशकमा महोत्तरीसहितका चारकोसे झाडीभित्रको पूर्वपश्चिम राजमार्गदेखि दक्षिण भागमा सरकारी निकायले नै साल, कर्मासहितका रुख कटाएर मसाला रोपेपछि यो अमूल्य चिज नै हो भन्ने आममान्छेमा परेको थियो।

“सरकार आफैँले साखुका रुख ढालेर भिक्स रोप्न लाग्यो, हामीलाई लाग्यो, यो खास चिज हो, देखासिकीले हामीले पनि बिरुवा मगाएर रोप्यौं, आज यही समस्याको कारण बन्यो”, बर्दिबास-१२ बिजलपुराका ७५ वर्षीय रामसुन्दर ठाकुरले भन्नुभयो, “चारैतिरका इनार, पोखरी र जरुवा पानीका मूल सुके । एक समयमा ‘आइरआइरमें सपेता, गरिबी सब बेपत्ता’ भन्ने नारा अब जहाँ सपेता, त्यहाँ पानी बेपता भनेजस्तै भएको छ।”

चाँडै हलक्क बढ्ने हुँदा काठको माग आपूर्तिमा सहज हुने र त्यतिखेर विद्युत पोल (खाँबा) का लागि पनि उपयोगी हुने अभिप्रायसाथ विदेशबाट झिकाएर रोपण गरिएको थियो । रौतहट, सर्लाही र महोत्तरीसम्म फैलिएको सागरनाथ वन विकास परियोजनाको १३ हजार ५०० हेक्टर क्षेत्रफलमध्ये अधिकांश भागमा २०३५ सालदेखि सरकारले मसाला रोप्न थालेको थियो । त्यही सिको गरेर यसभेगका स्थानीयले घुर्‍यानदेखि खेतबारीसम्म मसाला लगाउन थालेका गौशाला-१० लक्ष्मीनियाँका ७० वर्षीय लक्ष्मीप्रसाद महतो बताउनुहुन्छ । कालान्तरमा मसाला वरदान नभएर जमिनमुनिको पानी सोसेर जग्गा मरुभूमि बनाउने अभिशाप बनेको उहाँको भनाइ छ।

यस भेगमा अहिले सर्वसाधारणमात्र नभएर स्थानीय तह, सामाजिक सङ्घसंस्था र विज्ञहरू समेत मसालाविरुद्ध जनमत बनाउन र यी रुख हटाएर अन्य बिरुवा रोपण गर्नुपर्ने अभियानमा जोडिएका छन् । धनुषाको धनुषाधाम र मिथिला नगरपालिकाको नगरसभाले त मसाला मास्ने र खाली हुने ठाउँको माटो विज्ञबाट परीक्षण गराइ उपयुक्त बिरुवा रोपण गर्ने औपचारिक निर्णय नै गरिसकेका छन्।

“जताततै पानीका मुहान सुक्नुमा मसालाको रुख पनि कारण रहेको विज्ञहरुले बताए, त्यसैले पानीको थप सङ्कट बढ्न नदिन मसालाका रुख उखेल्ने निर्णय गरिएको हो। अब माटो परीक्षण गरेरमात्र नयाँ बिरुवा रोपिनेछन्”, मिथिलाका उपप्रमुख सुनितासिंह बुढाथोकी रासससँग भन्नुभयो । अब स्थानीयको मागअनुसार मसालाका रुख उखेल्न यान्त्रिक उपकरणको बन्दोबस्त गर्ने तयारी गरिएको बुढाथोकीले जानकारी दिनुभयो।

मधेसका खोल्साखोल्सी, इनार, पोखरी, तालतलैया र चापाकल सुक्दै गएर पानीको हाहाकार बढेसँगै यहाँ मसालाका रुखबारे बढेको आमधारणासँग विज्ञपनि सहमत छन्। चुरे तथा जलाधार विज्ञ डा विजयकुमार सिंह दनुवार पानीका मुहान सुक्नुमा विश्वव्यापी जलवायु परिवर्तनलगायत यस्तै मानवसिर्जित समस्या रहेका बताउनुहुन्छ । “मानव सिर्जित समस्यामा वन विनास, चुरे क्षेत्रको अनियन्त्रित उत्खनन र जलाधारक्षेत्रको अतिक्रमण मुख्य कारण हुन् । मसाला रुख पनि पानीको स्रोतका मुहान सुक्ने कारण भएको बारे अहिले व्यापक अभिमत बढेको छ”, डा सिंहले भन्नुभयो । यसबारे थप अध्ययन गर्न आवश्यक रहेको डा सिंहको भनाइ छ।

चुरे तथा जलाधार विज्ञ नागदेव यादवले पनि इक्युलिप्टिस पानीका स्रोत सुक्ने कारणमध्ये एक भएको बताउनुभयो। एउटा वयस्क इक्युलिप्टिसको रुखले दैनिक ८७ लिटर पानी सोस्ने विज्ञबाट पुष्टि भएको उहाँले बताउनुभयो । “पानीका स्रोत सुक्नुका धेरै कारण छन्, यसमध्ये मसालाका रुख मुख्य कारण हुन् । यी रुख जतिसक्यो चाँडो हटाउँदा राम्रै हुन्छ”, उहाँ भन्नुहुन्छ,“ मसालाको रुखले जमिनमुनिको पानी निकै सोसेपछि पानीको सतह गहिरिँदै गएर सङ्कट बढेकामा धेरै सत्यता छ। यसले उर्वराशक्ति घट्दै गएर उब्जाउ जग्गा पनि वञ्जड बनेका छन्।”

अमेरिकाको नेसनल लाइब्रेरी अफ मेडिसिनले मसालाका रुखका पातमा एसिडको मात्रा हुने हुँदा माटोको उर्बराशक्ति ह्रास हुने र यसले जमिनमुनिको पानी धेरै सोस्ने निष्कर्ष निकालेको पनि डा यादवले जानकारी दिनुभयो । परिस्थितिक तथा जैविक प्रणालीको दृष्टिले यो रुखले अरुको अस्तित्व स्वीकार नगरेको स्पष्ट देखिएको हुँदा मधेसबाट यो रुखलाई तत्काल विस्थापित गरिनुपर्ने आवाज बलियो बन्दै गएको उहाँले बताउनुभयो । “ मसालाका रुखमा न चराचुरुङ्गीका गुँड देखिन्छन्, न किरा फट्याङ्ग्रा लाग्छन्”, यादव भन्नुहुन्छ, “त्यसैले यो सन्तुलित पर्यावरणको बाधक छ।” सन् १९९३ मा संयुक्त राष्ट्रसङ्घ (युएन) को फुड एण्ड एग्रीकल्चर अर्गनाइजेसनले गरेको अध्ययनमा चार सय मिलिलिटर (एमएल) देखि एक हजार दुई सय एमएलसम्म वार्षिक वर्षा नहुने ठाउँमा यो रुख लगाउन दिन नहुने सुझाव दिइएको यादवले उल्लेख गर्नुभयो।

मसालाको रुखले अक्सिजन प्रवाहमा पनि खासै योगदान नदिने विज्ञ बताउँछन्। अष्ट्रेलियाका जलवायु विज्ञ एलन रुटले पनि आफ्नो एक आलेखमा यो रुख पानीका स्रोतका लागि प्रतिकूल हुने उल्लेख गर्नुभएको छ । अष्ट्रेलियाको सिमसार र भासिने हिलो भएको ठाँउलाई सुख्खा बनाउन यो रुख लगाइएको उक्त आलेखमा उल्लेख छ । इक्युलिप्टिस अष्ट्रेलियाकै तास्मिनिया टापुमा विकास भएको वनस्पति मानिन्छ।

अष्ट्रेलिया, ब्राजिल हुँदै संसारका ५० भन्दा बढी देशमा यो रुख लगाइएको विज्ञले बताएका छन् । अष्ट्रेलिया र ब्राजिल दुवै देशका सिमसार क्षेत्रमा यो रुख लगाइएपछि ती ठाउँ सुक्खा भएका जानकारहरू बताउँछन्। नेपाल सरकारका पूर्वसहसचिब रामबहादुर भुजेल विभिन्न अध्ययनले समेत लाभदायी नभएको निष्कर्ष निकालेका रुख मधेशमा ल्याउनु नै गलत भएको भज्न्दै अब यसको विकल्प खोज्न जरुरी रहेको बताउनुहुन्छ। “मधेशमा पानीका स्रोत सुकेर निकै समस्या आइसकेको छ। त्यसैमा यहाँ उपयुक्त नहुने रुख रोपेर पानी सङ्कटलाई थप योगदान गर्ने काम भएको छ। अब यसको साटो यहाँको माटो सुहाँदा अन्य वनस्पति र फलफूल रोपणमा जोड दिन आवश्यक छ”, भुजेलले भन्नुभयो ।रासस

# उद्योगमन्त्री भण्डारीद्वारा भारतीय समकक्षीलाई बधाइ



काठमाण्डु। उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारीले भारतका नवनियुक्त समकक्षी वाणिज्य तथा उद्योगमन्त्री पियुष गोयल र पेट्रोलियम तथा प्राकृतिक ग्यासमन्त्री हरदीप एस पुरीलाई बधाई तथा शुभकामना दिनुभएको छ।

उद्योगमन्त्री गोयललाई मंगलबार बधाई सन्देश पठाउँदै उहाँले नेपाल र भारतबीच मित्रता, गहिरो सामाजिक, सांस्कृतिक सम्बन्ध र जनता-जनताबीचको घनिष्ट सम्पर्क तथा सहयोगका बहुआयामिक क्षेत्र समेट्नेमा आशावादी रहेको उल्लेख गर्नुभएको छ।

मन्त्री भण्डारीले भन्नुभएको छ, “वाणिज्य र उद्योगका क्षेत्रमा अझ प्रस्ट रूपमा म विश्वस्त छु कि तपाइँको आगामी कार्यकालमा दुई देशबीचको बढ्दो व्यापार र लगानीलगायत आर्थिक सहयोग र साझेदारी नयाँ उचाइमा पुग्नेछ, हाम्रो द्विपक्षीय व्यापार तथा लगानी सम्बन्ध र सुदृढ सहयोग अभिवृद्धि साझा हितका विषय बहुपक्षीय र क्षेत्रीय फोरममा स्वीकार हुनेछन्।”

यस्तै प्राकृतिक ग्यासमन्त्री पुरीलाई पठाइएको बधाई सन्देशमा मन्त्री भण्डारीले व्यापार र लगानीमा विद्यमान पारस्परिक लाभकारी सहयोग तथा साझेदारी दुई छिमेकी मुलुकको आर्थिक विकास र समृद्धिलाई अगाडि बढाउनका लागि महत्वपूर्ण रहने विश्वास व्यक्त गर्नुभएको छ । भण्डारीले भन्नुभएको छ, “हाम्रो निरन्तर विस्तार भइरहेको द्विपक्षीय व्यापार र लगानी सम्बन्धलाई थप गति दिन तत्पर छु।”रासस

# प्रदर्शनीले देशको भौतिक प्रगति झल्कन्छ : अध्यक्ष केसी

काठमाण्डु । राष्ट्रिय जनमोर्चाका अध्यक्ष चित्रबहादुर केसीले गणतन्त्र दिवसका अवसरमा राष्ट्रिय समाचार समिति (रासस)ले आयोजना गरेको ‘गणतन्त्रका उपलब्धिः समृद्धिका लागि पूर्वाधार’ शीर्षकको तस्बिर प्रदर्शनीले देशको भौतिक क्षेत्रमा भएको प्रगति झल्काएको बताउनुभएको छ। रासस केन्द्रीय कार्यालयमा प्रदर्शनीको अवलोकन गरेपछि उहाँले भन्नुभयो, “देशमा भौतिक पूर्वाधार निर्माण भएको छ, अब विकासको गतिलाई निरन्तरता दिनुपर्छ, प्रदर्शनीले देशको भौतिक पूर्वाधार निर्माणका क्षेत्रमा भएको विकास दर्शाएको छ”, भन्नुभयो। अध्यक्ष केसीले तहका सरकारले आफ्नो सीप, जनशक्ति र पुँजी तथा छिमेकीका साथै अन्य मित्रराष्ट्रसमेतका सहायतामा निर्मित एवं निर्माणाधीन राष्ट्रिय तथा प्रादेशिक गौरवका आयोजनाका तस्बिर समावेश छन्।

विसं २०७२ को ‘गोरखा भूकम्प’बाट भत्किएका ऐतिहासिक धरोहरको पुनःनिर्माणपछिका संरचना, मानवीय विकास, शिक्षा, स्वास्थ्य, उद्योग, सडक, सिँचाइ, खानेपानी, विद्युत् उत्पादनलगायत विषयमा सङ्कलन गरी राससबाट सम्प्रेषित तस्बिर प्रदर्शनीमा राखिएका छन्।

सातवटै प्रदेशमा निर्माण भएका भौतिक पूर्वाधारसम्बन्धी



देशमा गणतन्त्रात्मक शासन व्यवस्था भएपछि भौतिक विकास भएन भन्नेहरु गणतन्त्र विरोधी भएका टिप्पणी गर्दै जनअपेक्षाअनुसार भने विकास नभएको बताउनुभयो। देश र जनताका लागि गणतन्त्र आफैँमा ठूलो उपलब्धि भएको उहाँको भनाइ थियो।

अध्यक्ष केसीलाई राससका अध्यक्ष धर्मेन्द्र झा, महाप्रबन्धक सिद्धराज राई, नायब महाप्रबन्धक श्यामप्रसाद रिमाल र प्रधानसम्पादक उत्तम सिल्वालले प्रदर्शनीमा राखिएका तस्बिरका बारेमा जानकारी दिनुभएको थियो। यही जेठ १० गतेदेखि सुरु भएको प्रदर्शनीमा मुलुकका तीनवटै ९५ तस्बिर प्रदर्शनीमा समेटिएका छन्। राससले गत वर्ष गणतन्त्र दिवसका अवसरमा ‘हाम्रो संस्कृतिः हाम्रो सम्पदा’ शीर्षकमा तस्बिर प्रदर्शनी गरेको थियो। प्रदर्शनीमा ऊर्जा, विमानस्थल, पर्यटन, सडक, पुल, स्वास्थ्य, शिक्षाका संरचना, सम्पदा पुनःनिर्माण, हुलाकी मार्ग, मूलपानी क्रिकेट मैदान, काठमाडौं-मधेस द्रूतमार्ग, थानकोट-नागढुङ्गा सुरुङमार्ग, सुनकोशी-मरिन डाइभर्सन बहुद्देश्यीय आयोजना, सौर्य प्यानल, फोरजी टावर, एकीकृत बस्ती, राष्ट्रिय गौरव र प्रदेश गौरवका आयोजनाका तस्बिर समावेश छन् ।रासस

# आन्दोलनरत कर्मचारीका माग सम्बोधन गर्न सांसदहरुको जोड



काठमाण्डु। आन्दोलनरत सङ्घीय संसद् सचिवालयका कर्मचारीका माग सम्बोधन गर्न राष्ट्रियसभा सदस्यहरुले जोड दिनुभएको छ। राष्ट्रियसभाको मंगलबारकोबैठकमासांसदहरुलेघरभाडा समयानुकूल बनाउनुपर्नेलगायतका ११ बुँदे मागसहित आन्दोलनरत कर्मचारीका मागबारे सरकारको ध्यानाकर्षण गराउनुभयो।

बैठकका विषेश समयमा सांसद मायाप्रसाद शर्माले कर्मचारीहरुको माग जायज रहेको उल्लेख गर्दै उनीहरुका मागमा ऐक्यबद्धता जनाउनुभयो । “कार्यालय समयपछि पनि कतिपय कर्मचारीले काम गर्नुपर्ने भएकाले उहाँहरुलाई अतिरिक्त सेवा सुविधा उपलब्ध गराउनुपर्छ”, उहाँले भन्नुभयो, “कर्मचारीहरुको तलब बृद्धि हुन सकेन, तलब बृद्धि गर्न सकेमा उहाँहरुलाई थप हौसला मिल्ने छ।”

सांसदद्वय श्रीकृष्णप्रसाद अधिकारी र नरबहादुर विस्टले कर्मचारीको माग सम्बोधन जरुरी रहेको बताउनुभयो। हाल राजपत्राङ्कित कर्मचारीले आवास भत्तावापत रु तीन हजार पाँच सय प्राप्त गर्दै आउनुभएको छ । राजपत्रअनङ्कित र श्रेणीविहीन कर्मचारीका लागि प्रतिमहिना रु तीन हजार आवास भत्ता तोकिएको छ।

आन्दोलनरत कर्मचारीले राखेको ११ बुँदे मागको पहिलो बुँदामा घरभाडा वृद्धिको माग उल्लेख छ। रासस

# वार्षिकोत्सव मनाउने रास्वपाको तयारी

टुडे समाचारदाता

मलंगवा । राष्ट्रिय स्वतन्त्र पार्टी सर्लाहीले वार्षिकोत्सव मनाउने तयारीमा जुटेको छ।

दोस्रो वर्षमा प्रवेश गरेको अवसरमा विभिन्न कार्यक्रमहरु गरेर मनाइने निर्णय रास्वपा सर्लाहीले गरेको छ।

केन्द्रीय निर्देशन अनुसार रास्वपा सर्लाहीले पनि नगर तथा वडा स्तरमा विविध कार्यक्रमहरु गरी स्थापना दिवस मनाउन जिल्ला संयोजक कमलेश साहले जनाएको छ।

वार्षिक उत्सव मनाउने विषयलाई लिएर लालबन्दी नगरपालिका- १ स्थित पार्टी कार्यालयमा बसेको बैठकबाट निर्णय अनुसार असाढ ३ गते पत्रकारहरुलाई कार्यक्रमबारे बताइने योजना रहेको उनले बताए।

यही असाढ ७ गते रास्वपा गठन भएको दुई वर्ष पुग्दैछ।

**माइग्रेशन हरायो**

मेरो निम्न ब्यहोरा भएको कक्षा १२ (प्लस टू)को माइग्रेशन मिति २०८०/१२/२५ गते हराएकोले फेला पार्नु हुने महानुभावले तलको ठेगानामा अथवा नजिकको प्रहरी चौकीमा खबर गरिदिनु हुन अनुरोध छ।

**नाम : लक्ष्मी नारायण पुर्वे**
**सिम्बोल नं.: २१७००५१३**
**रजिष्ट्रेशन नं.:७२१७११३२७**
**ठेगानाःजि.म. बल्वा न.पा.-२**
**मो.नं. ९८०९६३५२४४**

## तपाईंको आज
पण्डित : ब्रम जी

| | |
|---|---|
| मेष | : प्रेम प्रसंग, मित्र सुख। |
| बृष | : सुख समृद्धि हुने। |
| मिथून | : भ्रमण अवसर हुने। |
| कर्कट | : अवसर प्राप्त। |
| सिंह | : वाद विवादबाट बच्नु। |
| कन्या | : पुरस्कार प्राप्त लाभ। |
| तुला | : नयाँ कार्य हुने। |
| वृश्चिक | : बौद्धिक क्षमता। |
| धनु | : प्रतिभा सम्पन्नता। |
| मकर | : शिक्षामा उन्नति। |
| कुम्भ | : पारिवाहिक सुख। |
| मीन | : धन वृद्धि सञ्चय। |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु
जनकपुरधाम ०४१

| | |
|---|---|
| बारुण यन्त्र | ५२००११ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ |
| अञ्चल अस्पताल | ५२००३३ |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५, ९८५४०२८२९६ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ |
| आँखा अस्पताल | ५२०३९७ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ |
| विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| साह केबुल | ५२४७२२ |
| जानकी केबुल | ५२३७२८ |
| म्याक्स टीभी | ०४१-५९०८९७, ९८०१६६८६५२ |
| नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| होटल रामा | ५२००५९, ५२३८५४ |
| वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| जलेश्वर अस्पताल | ०४४-५२००७० |
| प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरतीःसाँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# अत्यधिक गर्मीले जल्यो दुई मोटरसाइकल

**टुडे समाचारदाता**

वीरगञ्ज । आगलागीबाट वीरगञ्जको आदर्शनगरमा दुईवटा मोटरसाइकल जलेको छ । अत्यधिक गर्मीको कारण मोटरसाइकलमा आगो लागेपछि जलेर नष्ट भएको छ ।

नेपाल ईन्भेष्टमेण्टमेगा बैंक अगाडि स्टेन्ड गरी राखिएको दुईवटा मोटरसाइकलमा एक्कासी आगो लागेको थियो । विपरित दिशातर्फबाट आउँदै गरेको मोटरसाइकलमा लागेको आगो नियन्त्रणमा लिन खोज्दा सो आगो फैलिएर अर्को मोटरसाइकलमा पनि आगो लागेको वडा प्रहरी कार्यालय विर्ताका प्रहरी निरीक्षक पुष्कर बोगटीले जानकारी दिए ।



उनले जनाए अनुसार प्रदेश ०२-०३-१ ८ प ८२१९ नम्बरको कालो रातो पल्सर र प्रदेश ०२-०३-००१ प ८९०४ नम्बरको रातो कालो पल्सर आगोले जलेर पूर्णरुपमा नष्ट भएको छ। ८२१९ नम्बरको मोटरसाइकल वीरगञ्ज महानगरपालिका वडा नम्बर ३ का सत्यकुमारयादवकोरअर्को८९०४ नम्बरको मोटरसाइकल वीरगञ्ज महानगरपालिका वडा नम्बर २० हरपतगंजका मिथिलेश कुमार यादवको रहेको प्रहरी निरीक्षक बोगटीले बताए । चर्को गर्मीले धेरै तातिएर शर्ट भइ आगो लागेको हुनसक्ने प्रहरीको प्रारम्भिक अनुमान छ ।

# सहकारीको रकम लुटपाट गर्ने पक्राउ

**टुडे समाचारदाता**

रौतहट । लुटपाटमा संलग्न रहेका एक जनालाई जिल्ला प्रहरी कार्यालय रौतहटले पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा भारत बिहार राज्य मोतिहारी जिल्ला पूर्वी चम्पारण थाना घोडासहन ग्रामपञ्चायत बसवरिया-२ का २० वर्षीय मोनुकुमार जैसवाल रहेको प्रहरी प्रवक्ता प्रहरी नायव उपरीक्षक एलिजा गिरीले बताइन् ।

गत जेठ २२ गते बिहान माँ बचत तथा ऋण सहकारी संस्थामा काम गर्ने बौधिमाई-८ का २४ वर्षीय अरविन्द कुमार दासले १७ लाख रुपैयाँ झोलामा राखेर राष्ट्रिय वाणिज्य बैंकमा जम्मा गर्न मोटरसाइकलबाट मौलापुरतर्फ गइरहेका थिए । सोही क्रममा विपरीत दिशाबाट आएका तीनजना अपरिचित व्यक्तिहरूले सो रकम लुटपाट गर्ने उद्देश्यले दासलाई पछाडिबाट गोली हानेर फरार भएका थिए ।

प्रहरीले अनुसन्धानको क्रममा घटनामा संलग्न अभियुक्तहरू सीमावर्ती भारत बिहार राज्य मोतिहारी जिल्ला पूर्वी चम्पारण



घोडाहसनको बाबा ग्याङ नामको आपराधिक समूहमा आबद्ध रहेको व्यक्तिहरूसँग साँठगाठ रहेको निष्कर्ष निकालेको थियो ।

उनीहरू भारत र नेपालको सीमावर्ती इलाकामा लुटपाट, भारतीय सामानको तस्करीमा सक्रिय रहेको प्रहरीको अनुसन्धानबाट खुलेको जनाइएको छ ।

गत असार २ गते साँझ साढे ५ बजेको समयमा मौलापुर ७ बाट घरेलु कटुवा पेस्तोल एक थान, गोली राउण्ड २ थान समेत भारतीय नागरिक जैसवाललाई पक्राउ गरिएको प्रहरी प्रवक्ता गिरीले बताइन् ।

जैसवालमाथि हातहतियार तथा खरखजना, चोरी तथा डाँका र ज्यान मार्ने उद्योग मुद्दा दर्ता गरी रौतहट जिल्ला अदालतबाट म्याद थप थपेर अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय रौतहटले जारी गरेको सूचनामा उल्लेख गरेको छ ।

आरोपी जायसवाल भारतीय प्रहरीको समेत मोस्ट वान्टेडको सूचीमा रहेका छन् । उनीमाथि घोडासहन र झरौखर थानामा एक दर्जन भन्दा बढी आपराधिक मुद्दाहरू दर्ता रहेको मोतीहारी जिल्लाका प्रहरी उपरीक्षक कान्तेश कुमार मिश्रले बताए ।

जैसवाल माथि भारतीय क्षेत्रमा अवैध हतियारको कारोबार, लुटपाट, अपहरण, अवैध मदिरा ओसारपसार जस्ता मुद्दा दर्ता रहेको भारतीय प्रहरीले जनाएको छ ।

गत मार्च महिनामा जैसवालले अन्य केही साथीहरूसँग मिलेर भारतीय सीमासुरक्षा बल जमुनिया क्याम्पका एक जना जवान माथि आक्रमण गरेका थिए ।

सो घटनामा संलग्न अन्य केही अभियुक्त पक्राउ परेका थिए भने मुख्य योजनाकार जैसवाल नेपालतर्फ भागेर जोगिएको एसएसबीले जनाएको छ। जैसवाल केही समय अघि जेल जीवन समेत बिताइसकेको छ ।


# वडा कार्यालयको भवन शिलान्यास

**टुडे समाचारदाता**

रौतहट । रौतहटको वृन्दावन नगरपालिकाको वडा नम्बर ३ को वडा कार्यालय भवनको सोमबार शिलान्यास भएको छ।

निर्माण हुन लागेको ३ कोठे सुविधा सम्पन्न भवनको नगरपालिकाका नगर प्रमुख विनोद प्रसाद पटेल कुर्मी र नेकपा एमालेका नेता प्रेम शंकर यादवले संयुक्तरुपमा शिलान्यास गरेका छन् ।

वृन्दावन नगरपालिका वडा नम्बर ३ निर्माण हुन लागेको सो भवनको शिलान्यास गर्दै पटेलले नगरपालिकालाई रौतहटकै नमूना बनाउनका लागि शिक्षा, स्वास्थ्य, कृषि, भौतिक पूर्वाधारलाई प्राथमिकता दिएको र निर्माण कार्यमा अथक प्रयासहरु भइरहेको



बताए ।

वृन्दावन नगरपालिकामा विकास निर्माणका ठूला योजनाहरु सञ्चालन गरिसकेको र फेरि अत्यावश्यक भएकाले नगरपालिकाले पूर्वाधारहरुमा जोड दिएको उनले बताए ।

एकपटक हाम्रो नगरपालिका विकासका पूर्वाधारहरुले भरि पूर्ण भइसकेपछि यहाँ कुनै पनि किसिमको योजनालाई कार्यान्वयन गर्न अत्यन्त सहज र सजिलो हुने र नमूना नगरपालिका बनाउने सपना साकार हुने उनको भनाइ थियो ।

करिब ३० लाख लागतमा निर्माण हुन लागेको सो सुविधा सम्पन्न भवनका कारणले निकट भविष्यमा दिगो समयसम्म सेवाग्राहीहरु लाभान्वित हुने वडा नम्बर ३ का वडाध्यक्ष हरि नारायाण साहले बताए ।

नगरपालिकामा अन्य विभिन्न ठाउँमा अनेक किसिमका विकास निर्माणका योजनाहरु सञ्चालित अवस्थामा रहेको र निकट भविष्यमा समयले भ्याएसम्म विभिन्न योजनाहरु सञ्चालन गरिने नगरपालिका नगर प्रमुख पटेलले बताए ।

वृन्दावन नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत खीम बहादुर भुजेलको अनुसार शिल्यान्स गरेका वडा न. ३ मा निर्माण हुन लागेको ३ कोठे सुविधा सम्पन्न भवन छिटो उद्घाटन हुने बताए ।

# तीन ट्रकसहित सामग्री नियन्त्रणमा

**टुडे समाचारदाता**

वीरगञ्ज । ठूलो परिमाणको भन्सार छलेर ल्याएको सामग्री जिल्ला प्रहरी कार्यालय पर्साले नियन्त्रणमा लिएको छ ।

शंकाको आधारमा तीनवटा ट्रक चेकजाँच गर्दा भन्सार छलेर ल्याएका सामग्रीसहित पर्सा प्रहरीले नियन्त्रणमा लिएको छ ।

पर्सा प्रहरीबाट खटिएको प्रहरी टोलीले २ करोड २९ लाख ३९ हजार ६५७ रुपैयाँ मूल्य बराबरको सामग्रीसहित तीन वटा मालवाहक ट्रक नियन्त्रणमा लिएको जनाएको छ । वीरगञ्ज



महानगरपालिका वडा नं. २५ स्थित एकीकृत भन्सार जाँच चौकी आइसीपी सडकखण्डबाट सो ट्रकहरु नियन्त्रणमा लिएको पर्सा प्रहरीका प्रवक्ता प्रहरी नायव उपरीक्षक दीपक भारतीले बताए ।

उनले, 'ना.३ ख ६९०५, ना.३ ख ५१६७ र ना.३ ख २६२० नम्बरको ट्रकहरूमा लोड भएका सामग्रीहरु छली भएको शंका लागे पछि चेक जाँच गर्दा हार्डवेयर, कपडा तथा खुद्रा सामग्रीहरू फेला पर्दा नियन्त्रणमा लिएका हौं ।'

सामग्रीसहित ट्रकहरुलाई आवश्यक कारबाहीको राजस्व अनुसन्धान कार्यालय पथलैयामा बुझाएको प्रवक्ता भारतीले बताए ।

# श्रीमती हत्या आरोपमा श्रीमान पक्राउ

**टुडे समाचारदाता**

रौतहट । श्रीमतीको घाँटी थिचेर हत्या गरेको आरोपमा रौतहट प्रहरीले श्रीमानलाई पक्राउ गरेको छ।

रौतहटको राजपुर नगरपालिका- ५ स्थित मदनी चोकका मसुद आलम लहेरीलाई जेठी श्रीमती नजाबुन नेसालाई घाँटी थिचेर हत्या गरेको आरोपमा प्रहरीले पक्राउ गरेको छ।

घरायसी विवादका कारण लहेरीले जेठी श्रीमती नेसालाई घाँटी थिचेर हत्या गरेको रौतहट प्रहरीले जनाएको छ।

घटनाको अनुसधानका क्रममा श्रीमतीको घाँटी थिचेर हत्या गरेको उनले प्रहरीसमक्ष स्वीकारेको जिल्ला प्रहरी कार्यालय रौतहटका प्रवक्तासमेत रहेका प्रहरी नायव उपरीक्षक एलिजा गिरीले बताइन् ।

लहेरीविरुद्ध ज्यान सम्बन्धी कसुर (कर्तव्य ज्यान) मुद्दामा जिल्ला अदालत रौतहटबाट म्याद थप गराएर आवश्यक अनुसन्धान भइरहेको प्रहरी नायब उपरीक्षक गिरीले जानकारी दिइन् ।

# गाँजासहित एक पक्राउ

**टुडे समाचारदाता**

बारा । बाराको जितपुरसिमरा उपमहानगरपालिका-२१ स्थित अमलेखगञ्जबाट भारीमात्रामा अवैध लागु औषध गाँजासहित एक जना भारतीयलाई प्रहरीले पक्राउ गरेको छ ।

२ सय ७० किलोग्राम गाँजासहित भारत रामगढवा ग्राम धनारदिउली का १९ वर्षीय ट्रक चालक अन्तोस कुमार गिरीलाई मंगलबार बारा प्रहरीले पक्राउ गरेको छ । इलाका प्रहरी कार्यालय अमलेखगञ्जबाट खटिएको प्रहरीले नारायणगढबाट पथलैयातर्फ जाँदै गरेको एनएल ०१ एन ३०६३ नम्बरको ट्रकलाई जाँच गर्दा ट्रकको क्याबिनमा बनाएको फल्स बटमभित्र २७ वटा प्याकेटमा लुकाइछिपाइ राखेको सो परिमाणको गाँजा फेला पारेर उनलाई पक्राउ गरेको छ। सो घटना सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको जनाएको छ।

# राष्ट्रिय दलित पत्रकार संघ धनुषा अध्यक्षमा पुनः दास

**टुडे समाचारदाता**

जनकपुरधाम। राष्ट्रिय दलित पत्रकार संघ नेपाल धनुषाको दोस्रो जिल्ला अधिवेशनबाट पुनः कुलदीप दासलाई अध्यक्षमा चयन गरेको छ।

सो समितिको उपाध्यक्षमा मनोज पासवान, सचिवमा अशोक धन्कार र कोषाध्यक्षमा अनामिका मण्डललाई चयन गरेको छ ।सो समितिको सदस्यहरुमा जितेन्द्र राम, ममता बैठक, निकी दास, नन्दनी दास कुमारी दास र सरोज राउत रहेका छन् ।

त्यस्तै प्रदेश पार्षदमा राजेश सक्सेना, वीरेन्द्र पासवान, र केन्द्रीय प्रतिनिधिमा कैलाश दास र रामएकवाल महरालाई चयन गरेको छ।

# हिमालयन बैंक र सिटिजन्स क्यापिटल बीच सम्झौता



**टुडे समाचारदाता**

जनकपुरधाम । हिमालयन बैंक लिमिटेड र सिटिजन्स क्यापिटल लिमिटेड बीच थप सार्वजनिक निष्काशनको लागि निष्काशन तथा बिक्री प्रबन्धक नियुक्ती सम्बन्धी सम्झौता भएको छ । मंगलबार एक समारोहको विच भएको उक्त सम्झौतामा हिमालयन बैंक लिमिटेडका तर्फबाट प्रमुख कार्यकारी अधिकृत अशोक शम्शेर ज.ब.रा तथा सिटिजन्स क्यापिटल लिमिटेडका तर्फबाट प्रमुख कार्यकारी अधिकृत सबिर बादे श्रेष्ठले हस्ताक्षर गरेका थिए ।

सम्झौता अनुसार सिटिजन्स क्यापिटल लिमिटेडले हिमालयन बैंक लिमिटेडको थप सार्वजनिक निष्काशको लागि बिक्री प्रबन्धकको कार्य गर्नेछ ।

# धारापानीले जित्यो धनुषा लिग फुटबलको उपाधि

**टुडे समाचारदाता**

जनकपुरधाम । धनुषा जिल्ला ए डिभिजन लिग फुटबलको उपाधि यज्ञभूमि युवा समाज धारापानीले जितेको छ ।

जनकपुरधाम स्थित कर्भडहल फुटबल मैदानमा मंगलबार भएको फाइनल खेलमा बेंगाडारलाई ०-१ गोल अन्तरले पराजित गर्दै यज्ञभूमि युवा समाज धारापानी विजयी भएको छ ।

मधेश प्रदेशका मुख्यमन्त्री सतीश कुमार सिंहले ए डिभिजन जिल्ला लिग उपाधि जितेका धारापानीलाई नगद ५१ हजार रुपैयाँ र कप र मेडल प्रदान गरे ।

सो प्रतियोगिताको दोश्रो स्थानमा चित बुझाएका बेंगाडाबरलाई नगद ४१ हजार रुपैयाँ, कप र मेडल प्रदान गरिएको जिल्ला फुटबल संघ धनुषाका सदस्य तपेश्वर राउतले



बताए। सो खेलमा उत्कृष्ट गरेका पाँच विद्याका खेलाडीलाई नगद ३ हजार १ सय रुपैयाँ, मेडल र कप प्रदान गरिएको राउतले बताए । जिल्ला फुटबल संघको आयोजना जेठ १२ गते देखि भएको खेलमा ए डिभिजनका १० टिम प्रतिस्पर्धा गरेका थिए ।


**श्री राम युवा कमिटी**
**रामचौक, जनकपुरधाम-४**

**सूचना ! सूचना !! सूचना !!!**

सामाजिक क्षेत्रमा बहुचर्चित संस्था श्री राम युवा कमिटीको आगामी कार्यकालका लागि हुने कार्य समितिको निर्वाचनलाई सहज र सफलतापूर्वक सम्पन्न गराउन मिति २०८१/०३/०३ गते बसेको संरक्षण समितिको बैठकमा छलफल भई मिति २०८१ असार २९ गते शनिवारका दिन कार्य समितिको निर्वाचन गराउने भएको सर्व सम्मत निर्णय सम्बन्धित सबैको जानकारीका लागि अनुरोध छ ।

निर्वाचनमा सहभागी हुन आ.व. २०८१/०८२ को सदस्यता नवीकरण तथा बाँकी वक्यौता रहेका सदस्यहरुले मिति २०८१/०३/११ गते भित्र कार्यालयमा दिनको २ बजे देखि ५ बजे सम्म नवीकरण तथा बाँकी बक्यौता बुझाउन समेत यसै सूचना मार्फत जानकारी गराईन्छ ।

नवीकरण तथा बाँकी बक्यौता नबुझाएका सदस्य महानुभावहरु निर्वाचन प्रक्रियामा कुनै पनि किसिमले भाग लिन पाउने छैन ।

नवीकरणका लागि १ प्रति फोटो ल्याउन हुन समेत अनुरोध छ ।

**श्री राम युवा कमिटी**
**संरक्षण समिति**
**संयोजक**
**लक्ष्मी साह**
**भू.पु. अध्यक्ष**



**आयो करे यात्रा मंगलमय चारो धाम की**

**यहि मिति २०८१/३/२१ गते शुक्रवार ५ तारिखका दिन २×२ लक्जरी भिडियो कोच बस खुल्ने जा रहि हैं ।**

**विशेष यात्रा सेवा ।** शुल्तानगंज बाबाधाम बासुकिनाथबनारस, काशिविश्वनाथ, ज्योति लिङ्ग, प्रयागराज, संगम, चित्रकोट चारधाम बाबा बागेश्वरधाम, वृन्दावन, मथुरा, गोकुल, कुरुक्षेत्र, अर्मितशर स्वर्ण मन्दिर, जय माँ बैष्णो देवी, अमरनाथ, श्रीनगर, काशमिर ज्वलामुखि, नैना देवी, चिन्ता पुरनी काङ्ग्रा देवी, हरिद्वार, रिषीकेश, नैमीशारण, अयोध्या, गोरखपुर, गोरखनाथ दर्शन कराते हुऐ जनकपुरधाम वापस ।



टिकट दर १८,००० भारु दो सामका भोजन समेत लिखेगए सारे तिर्थ ग्यारेन्टीके साथ घुमाया जाएगा हर यात्री अपना नागरिकता अवस्य रखे ।





**प्रो. पोषण प्रसाद साह**
जानकी चौक, जनकपुरधाम-१०
पल्टी माई मन्दिर सब्जी बजार
मो. ९८४४१३३१९५ (नेपाल)
मो. ९८४४०७३६०० (नेपाल)
मो. 8271086993 (भारत)



**श्री जनता राष्ट्रिय प्राथमिक विद्यालय, भतही**
**हंसपुर नगरपालिका-८, धनुषा (नेपाल)**

**शिक्षक आवश्यकता सम्बन्धी सूचना**

श्री शिक्षा विकास तथा समन्वय इकाई धनुषाको मिति २०८१/०२/१७ गतेको प.सं. ०८०/८१ च.नं. १८३९ को प्राप्त अनुमति पत्र तथा मिति २०८१/०२/३० गतेको शिक्षक छनौट समितिको बैठकको निर्णय अनुसार यस विद्यालयमा रिक्त रहेको प्राथमिक तह (आधारभूत तह) को राहत अनुदान कोटा संख्या १ मा तपसिल अनुसारको करार शिक्षक पदपूर्ति गर्नुपर्ने हुँदा इच्छुक नेपाली नागरिकबाट प्रथम पटक सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र रीतपूर्वक हस्तलिखित निवेदन सहित तपसिल बमोजिमको दरखास्तको आव्हान गरिन्छ ।


**तपसिल**

१. **विज्ञापन नं.** - **०१/२०८०/८१**
२. **तह** – प्राथमिक तह (आधारभूत तह)
३. **किसिम** – राहत
४. **संख्या** – १ (एक)
५. **उमेर** – १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको
६. **शैक्षिक योग्यता** – मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रवीणता प्राप्त पत्र तह वा सो सरह उर्त्तिण गरेको
७. **तलब स्केल** – नेपाल सरकारको प्रचलित कानून बमोजिम
८. **परीक्षा दस्तुर** – १०००/- (अक्षरेपी एक हजार मात्र)
९. **परीक्षाको किसिम** – लिखित, अन्तरवार्ता
१०. **आवेदन दिने अन्तिम मिति** – २०८१/०३/१८ गते सम्म
११. **सम्पर्क मिति** – २०८१/०३/१९ गते (विद्यालय समय)
१२. **परीक्षा मिति र स्थान** – सम्पर्क मितिमा तोकिने छ ।
१३. **आवश्यक कागजातहरु** – बायोडाटा, नेपाली नागरिकताको प्रतिलिपि, शैक्षिक योग्यताको प्रमाणपत्रहरुको प्रतिलिपि, प्राथमिक तहको अध्यापन अनुमति पत्रको प्रतिलिपि, हस्तलिखित निवेदन र पासपोर्ट साइजको २ प्रति फोटो

**नोट** :- निवेदन विद्यालय समय ६ बजे देखि १२ बजे सम्म लिइने छ।

**प्रधानाध्यापक**

# केके हुन सक्छन् स्थानीय तहका प्राथमिकताका क्षेत्रहरु ?



अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

## सम्पादकीय

### प्रशंसनीय कार्य

नेपालको ७७ जिल्ला मध्ये भौतिक पूर्वाधार कमजोर भएकाहरु मधेश प्रदेशमा पनि छन् । भौगोलिक आधारमा मधेश प्रदेश मात्र नभई सम्पूर्ण मधेश विकासका लागि अत्यन्त उपयुक्त रहे पनि पूर्वाधार विकासमा अझै धेरै पछाडि छन् । मधेशका जिल्लाहरुमा पूर्वाधार विकासको आवश्यकता महसुस गरेर नै धनुषा र महोत्तरी जिल्लामा भौतिक पूर्वाधार मन्त्रालयले आगामी आर्थिक वर्षका लागि बजेट विनियोजन गरेको छ । धनुषाबाट निर्वाचित नेकपा एमालेका नेता रघुवीर महासेठ अहिले सरकारमा सो पार्टीको नेतृत्व गर्दै भौतिक पूर्वाधार मन्त्रालयको जिम्मेवारी निर्वाह गरिरहेका छन् । उनले मधेशको समस्या र आवश्यकता बुझेका छन् । भौतिक पूर्वाधार मन्त्री रहेका बेला उनले धनुषा र महोत्तरी जिल्लामा झण्डै डेढ सय साना ठूला योजनाहरुमा बजेट विनियोजन गराएका छन् । उनले गरेका काम प्रशंसनीय छ । भौतिक पूर्वाधार कमजोर रहेको जिल्लाको विकासका लागि उनले ध्यान दिनु अपराध होइन । धनुषा र महोत्तरी जिल्लाको कयौं नदीमा पुल नहुँदा बाढीको बेला बस्तीको सम्पर्क नै सहरसित विच्छेद हुने गरेको छ । विगतमा पनि उनी मन्त्री भएको बेला धनुषा र महोत्तरीमा योजनाहरु दिएका थिए । तर सरकारबाट हटेपछि योजनाहरु अलपत्र परेको थियो । यस वर्ष उनी बजेट बनाउने बेलामा नै भौतिक मन्त्रालयको कार्यभार सम्हालेका थिए । उनी चुनावको क्रममा धनुषाका गाउँगाउँ घुमेका थिए । समस्याबारे पूर्ण अवगत रहेकाले बजेट विनियोजन गराएका हुन् । सरकारको रातो किताबमा परेका योजनाहरुको कार्यान्वयन पनि चाँडै हुनेमा विश्वास गर्न सकिन्छ । भौतिक पूर्वाधार मन्त्रालयमा धनुषा र महोत्तरीका योजना परेसंगै चितवन, झापा र गोर्खा जिल्लामा पनि पर्याप्त बजेट गएको छ । तर अन्य मन्त्रालयहरुबाट धनुषा, महोत्तरीलगायतका जिल्लाहरुमा बजेट दिएको छैन । कुनै मन्त्रालयले बजेट उपलब्ध गराए पनि त्यो न्यून छ । सरकारले प्रदेशलाई उपलब्ध गराउने बजेटमा विभेद गरेको छ । अन्य सबै प्रदेश भन्दा कम अनुदान मधेश प्रदेशलाई दिएको छ । सर्वाधिक राजस्व असुली मधेश प्रदेशबाट हुन्छ । मधेश प्रदेशका पालिकाहरुमा पनि सरकारले यस्तै विभेद गर्दै आएको छ । धनुषाका सांसद महासेठ अहिले भौतिक पूर्वाधार मन्त्री रहेकाले संख्यात्मक रुपमा केही बढी योजनाहरु बजेटमा परेको छ । त्यो अस्वभाविक होइन । झण्डै डेढ खर्ब बजेट रहेको भौतिक पूर्वाधार मन्त्रालयले ९ अर्बको हाराहारीमा धनुषा र महोत्तरी जिल्लाका लागि बजेट विनियोजन गर्नु आश्चर्यको विषय पनि होइन । देशमा विकास गर्नुपर्ने थोरै ठाउँ मध्येको धनुषा र महोत्तरीमा बजेट राख्नु आवश्यक थियो । अझै पूर्वाधारको बजेटले पुग्ने छैन । अर्को आर्थिक वर्षमा पनि यो भन्दा बढी बजेट राख्नु पर्छ । मन्त्री महासेठको कार्य प्रशंसनीय छ ।



नेत्र सुवेदी 'प्रयास'

असारको पहिलो हप्ता भएको हुँदा यतिबेला सबैजसो स्थानीय तहहरु नीति तथा कार्यक्रम र बजेट तयारीका क्रममा व्यस्त छन् । आ-आफ्नो तहमा रहेका सवालहरु र क्षमता समेतका आधारमा स्थानीय तहहरुले आर्थिक रुपान्तरण, सेवा प्रवाह र सामाजिक सद्भावमा सकारात्मक रुपान्तरणका लागि तल उल्लेख गरिएका केही सुझावलाई अभ्यासमा ल्याउन सक्छन् । यसले पूर्वाधार विकास र जनताको जीवनशैलीमा सुधार ल्याउन सहयोग पुग्नेछ ।

**विषयगत विवरण र तथ्याङ्क प्रणाली** : हालसम्मको विषयगत उपलब्धिको तथ्याङ्क अद्यावधिक गरिनुपर्दछ । साथै सीपयुक्त जनशक्ति तथा सीप विकास गर्नुपर्नेको व्यक्तिहरुको विवरण अद्यावधिक गरिनुपर्दछ । प्रगति प्रतिवेदन तयार गर्न, छानबिन सम्बन्धमा सोधिएका प्रश्नहरुको जवाफ पठाउन तथा भएका कामहरुको तथ्यगत जानकारी प्रवाह गर्न समेत यस्ता अभिलेखहरु उपयोगी हुन्छन् । सीपयुक्त जनशक्तिको विवरण सार्वजनिक गर्न सके खाँचो परेको बजारबाट सजिलै सम्पर्क गरी रोजगारीमा लगाउने सम्भावना हुन्छ भने महत्वपूर्ण सीप विकासका लागि इच्छुक व्यक्तिहरुको नामावली भयो भने स्थानीय तहले प्रशिक्षक वा प्रशिक्षण संस्थासँग समन्वय गरी सीप विकास गर्न सम्भव हुन्छ ।

नीति कार्यक्रम र बजेट सम्बन्धमा खुला सुझाव द्य सकेसम्म स्थानीय तहको भूक्षेत्रमा र अन्यत्र गई बसोबास गरेकालाई समेत खबर पुग्ने गरी नीति तथा कार्यक्रम र बजेटमा सुझाव उपलब्ध गराउन सूचना प्रकाशित गर्नुपर्दछ । सम्भव भएसम्म संस्थागत रुपमा छलफलमा बोलाएर हालसम्मको भूमिकाको जानकारी लिँदै थप प्रभावकारी सहकार्यका लागि आह्वान गरिनुपर्दछ । प्राप्त हुने सुझावको भाव नीतिमा झल्कने गरी व्यवस्था गरिनुपर्दछ ।

**विशेष उमेर समूहका व्यक्तिको अधिकार संरक्षण** : विश्वस्तर सम्झौता वा विकसित भई राष्ट्रियस्तरमा प्रयोगमा रहेका वृद्धवृद्धा, महिला, युवा, बालबालिकाको अधिकार संरक्षण तथा क्षमता वृद्धि एवम् उपयोगका लागि स्थानीय सरकार समेत खुला र अग्रसर हुनुपर्दछ । यसअघि तयार भएका र हालसालै मात्र कार्यान्वयनमा आएका कार्ययोजना र कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयनका लागि स्थानीय स्तरमा हालको अवस्था दर्शाउने विवरण अद्यावधिक गर्ने सोही बमोजिम मुख्य समस्या रहेका क्षमताको विकास र प्रयोग, संरक्षण र सम्मानजस्ता पक्षमा कार्यक्रमहरु सञ्चालन गर्न सकिन्छ ।

**सामाजिक अपराध तथा हिंसाविरुद्ध सचेतना अभियान** : हाम्रो समाजमा विभिन्न खालको भेद्भाव र हिंसा अहिले पनि व्याप्त छ । लागुऔषधको सेवन तथा ओसारपसारका साथै आत्महत्याजस्ता घटना भइरहेका छन् । साइबर अपराध जस्ता नयाँ खालका समस्या पनि थपिएका छन् । तसर्थ, जनप्रतिनिधिहरुकै अगुवाइमा टोलस्तरसम्म नै सचेतना अभियान चलाउने र कानुनी उपचार खोज्ने तरिका समेत सिकाउनु पर्दछ ।

**सार्वजनिक सम्पत्तिको पहिचान र संरक्षण** : स्थानीय तहभित्र रहेका सरकार वा सार्वजनिक भवन वा जग्गा वा सम्पदा वा सम्पत्तिको लगत अद्यावधिक गर्नाका साथै संरक्षणको उचित प्रबन्ध गरिनुपर्दछ । यस प्रयोजनका लागि प्रहरी प्रशासनको समेत सहयोग लिन सकिन्छ । लगतमा वन भनेर जनिने तर हाल वन नभएको जग्गामा यदि कुनै संरचना वा विकास आयोजना कार्यान्वयन गर्नुपर्ने अवस्थामा भोगचलनका लागि जग्गा प्राप्ति वा अधिग्रहणको विधि र पद्धति पालना हुनु राम्रो हुन्छ । **विपद् पूर्वतयारी** : विपद् पूर्वतयारीमा चुस्त हुन सकियो भने विपद्पश्चात् हुने क्षति सात गुणाले कम हुने अध्ययनहरुले देखाएका छन् । स्थानीय तहमा जिम्मेवारी पाएका संयन्त्रहरुलाई सक्रिय राख्नाका साथै अत्यावश्यक जनशक्ति तथा स्वयम्सेवक तयारी हालतमा राख्नुपर्दछ भने विपद् प्रतिकार्यका लागि अभ्यास गर्ने तथा आधारभूत सामग्रीहरुको जोहो गरेर खाँचो पर्नासाथ प्रयोगमा ल्याउने वातावरण सृजना गर्नुपर्दछ । यो कार्यमा सुरक्षा निकायको समेत सहयोग प्राप्त गर्न नजिकको समन्वय आवश्यक पर्दछ ।

**सुशासन प्रवर्द्धन** : सुशासन आफैँमा विकास होइन तर विकास तथा उन्नतिका लागि अति आवश्यक वातावरण, कार्यशैली र व्यवहारसँग समेत सम्बन्धित छ । राज्य संयन्त्रहरुमा पारदर्शिता, जवाफदेहिता एवम् नैतिकताको प्रवर्द्धनका साथै विधिको पालना र सहभागिताको वातावरण समेत उत्तिकै आवश्यक छ । सबै नागरिकले आफ्नो कुरा राख्न पाउनुपर्दछ । कार्यालयका कामकारबाही सूचनामैत्री र नागरिकमैत्री हुनैपर्दछ । राजनैतिक दलहरु, सङ्घसंस्था र निजी क्षेत्रमा समेत सुशासन आवश्यक छ । स्थानीय तहले प्रवाह गर्ने सेवाको तौरतरिका सम्बन्धमा सेवाग्राहीले बुझ्ने भाषामा प्रचारप्रसार गरिनु पर्दछ । वर्षको कमसेकम एकपटक सेवाग्राहीलाई भेला पारेर सार्वजनिक सुनुवाइ गर्न भुल्नु हुँदैन ।

**स्वच्छ बजार कायम गर्ने** : बजारमा उपलब्ध वस्तु तथा सेवा आवश्यक नपर्ने कोही हुँदैन । वस्तुको मूल्य, गुणस्तर र उपभोग्य अवधि सम्बन्धमा जानकारी पाउने उपभोक्ताको आधारभूत अधिकार नै हो । बजारमा स्वच्छ प्रतिस्पर्धाको वातावरण आवश्यक पर्दछ । समयसमयमा विभिन्न वस्तु र सेवाका सम्बन्धमा अनुगमन गरी त्रुटि सच्याउन लगाउनु उपयुक्त हुन्छ ।

**विशेष सवालको विशेष सम्वोधन** : द्वन्द्वपीडित, विपद् पीडित, असहाय तथा अलपत्र परेका व्यक्तिहरुको सहारा राज्य हुने हुँदा नजिकको सरकारको हैसियतले स्थानीय सरकारले पनि संवेदनशीलता जनाई सम्बोधनका उपायहरु अवलम्बन गर्नु उचित हुन्छ भने यो काम प्राथमिकतामा समेत पर्नुपर्दछ ।

**सामाजिक सद्भाव र मौलिकताको रक्षा** : समाजका अग्रज व्यक्तित्वहरु, धार्मिक गुरु एवम् साधकहरु, साहित्यकार, कलाकार, खेलाडीलाई स्थानीय सरकारको सामाजिक सांस्कृतिक जागरणका लागि सक्रिय रहन आह्वान गर्नाका साथै उदाहरणीय योगदान गर्ने व्यक्ति वा प्रतिभालाई सम्मानको व्यवस्था गर्नु उपयुक्त हुन्छ । यसबाट व्यक्ति, स्थान र उनीहरुको योगदानको समेत सम्मान हुन्छ भने सामाजिक सद्भाव पनि बलियो हुन पुग्दछ ।

**सरोकारवालासँग नियमित संवाद** : स्थानीय तहभित्र घरठेगाना भएका, हाल नेपालभित्र वा बाहिर कुनै न कुनै भूमिकामा क्रियाशील रहेका व्यक्तिहरुले आफ्नो ठाउँलाई सम्झिरहेका माया गरिरहेका र राम्रो काम होस् भनेर चाहिरहेका हुन्छन् । तसर्थ, गैरआवासीय नेपाली हुन् वा अन्यत्र बसाइँ सरेर गएका वा कार्यरत रहेका महानुभावहरुलाई आफ्नो जन्मस्थान फर्केर आउन निमन्त्रणा दिने, हुनसक्ने सहयोगका लागि सम्भावित परियोजनाको सूची वा कामको सूचीका सम्बन्धमा छलफल गर्ने गर्दा स्थानीय अग्रसरताका लागि सहयोग पनि जुट्ने गरेको छ । गैरआवासीय नेपाली वा देश बाहिर रहेका आफ्नो ठाउँलाई माया गर्ने महानुभावहरुसँग भर्चुअल बैठक गरेर पनि छलफल गर्न सकिन्छ । सम्पर्क समाजलगायत संस्थाहरुले पनि स्थानीय तहसँग जोड्न सहयोगी भूमिका खेल्न सक्छन् । **स्थानीय आर्थिक विकासको पारिस्थितिक प्रणाली तयार गर्ने** : यसका लागि स्थानीय तहभित्र रहेका स्रोत पहिचान गर्ने र स्रोत परिचालन क्षमता अभिवृद्धि गरी रोजगारी र आय बढाउने उपायहरु अवलम्बन गर्न सबै सरोकारवालाको सहयोग प्राप्त गर्न सक्नु पर्दछ । स्थानीय आर्थिक विकास मूल्याङ्कन कार्यविधि, २०७९ ले गरेको व्यवस्थाअनुसार स्थानीय तहमा संवाद तथा सहजीकरण समिति रहँदा आर्थिक क्रियाकलाप सञ्चालन गर्न विभिन्न नवीन विचारहरु प्राप्त हुन्छन् । सम्भव देखिएका क्रियाकलापलाई सरोकारवालाकै सहभागितामा प्राथमिकीकरण गरेर अगाडि वढ्न सकिन्छ ।

**उद्यमीसँग संवाद** : रोजगारीको माध्यम भनेको परम्परागत पेसाका अलावा साना तथा मझौला उद्योग वा फर्म भएकाले त्यस्ता फर्म वा उद्यम सञ्चालकहरुसँग संवाद गरी उनीहरुको उत्पादन वृद्धि र बजारीकरणका लागि आवश्यक वातावरण निर्माणका लागि नीति तथा कार्यक्रममा व्यवस्था गर्ने र लागत साझेदारी गर्ने अवधारणा प्रयोगमा ल्याउन सकिन्छ ।

**फोहोर व्यवस्थापन** : कुहिने र नकुहिने फोहोर स्रोतमै छुट्याउन आवश्यक पर्ने सामग्री, क्षमता विकास र विसर्जनको सबै तयारी गर्नुपर्ने हुन्छ । फ्याँकिएका चीजवस्तुको पुनःचक्रीकरण गरेर फोहोरलाई मोहोरमा बदल्न पनि सकिन्छ । कुहिने फोहोरबाट मल उत्पादन हुने र खाना पकाउने ग्यास बन्ने गरी प्लान्ट जडान पनि गर्न सकिन्छ ।

**वातावरण संरक्षण र हरित ऊर्जा** : दिगो विकासले प्रकृतिमैत्री र वातावरणमैत्री कार्य व्यवहारको माग गर्दछ । विकास परियोजना सञ्चालन गर्दा वातावरण विनाश हुन नदिन सचेत रहनुपर्दछ । स्थानीय तहले पर्यावरणमैत्री शैली अपनाउन सक्दछ । यो कार्यमा सामुदायिक वन उपभोक्ता समिति, लायन्स र जेसिसमा आबद्ध व्यक्तिहरुले सघाउन सक्दछन् । हरित ऊर्जा (सौर्यशक्ति, वायुशक्ति, बायोग्यास, जलविद्युत) को प्रयोग बढाउने गरी अगाडि बढ्दा वातावरण संरक्षणमा टेवा पुग्ने देखिन्छ । खासगरी चौतारीहरुको संरक्षण, पोखरीहरुको संरक्षणलाई स्थानीय स्तरमा महत्वका साथ लिइनुपर्दछ ।

> वडा कार्यालय भनेका सेवा केन्द्र हुन् । सर्वसाधारण नागरिकका दैनन्दिनका विषयहरुमा वडा कार्यालयले सरोकार राख्दछ र सिफारिससम्बन्धी काम पनि गर्दछ । तसर्थ, जनशक्ति, सूचना प्रविधि र कार्य वातावरणका हिसावले वडा कार्यालयलाई बलियो बनाउनु पर्दछ ।

**सूचना प्रविधिसहितको सेवा** : हामी सूचना प्रविधिको तीव्र विकास भइरहेको विश्वमा बसोबास गरिरहेका छन् । हाम्रा सेवाहरु अझ पनि परम्परागत, खण्डित र म्यानुअल प्रकृतिका छन् । कागजी काम घटाउन र नागरिकको हातहातमा सूचना तथा सेवा पुर्‍याउनका लागि सेवासँग सूचना प्रविधि प्रणालीलाई आवद्ध गर्ने र एकीकृत रुप दिन आवश्यक छ । शिक्षा र स्वास्थ्य सेवालाई सूचना प्रविधियुक्त बनाउँदै अनलाइन शिक्षा र टेलिमेडिसिनको प्रभावकारिता बढाउनु आवश्यक छ । सर्वसाधरणलाई डिजिटल शिक्षा सम्वन्धमा पनि प्रचारप्रसार र सचेतनालाई समेत जोडेर जान सकिन्छ ।

**समाज र समय सुहाउँदो शिक्षा पद्धति** : जिम्मेवार, नैतिकवान्, सृजनशील, ऊर्जाशील र उत्पादनमैत्री नागरिक तयार गर्ने खालको खालको शैक्षिक वातावरण आवश्यक छ । स्थानीय पाठ्यक्रम तयार गर्दा होस् वा विद्यालयका अतिरिक्त क्रियाकलापमा नै किन नहोस् बजारको माग बमोजिमका सीप र क्षमता विकासका लागि समेत प्रेरित गर्न आवश्यक छ ।

**सहरी क्षेत्र र ग्रामीण क्षेत्रबीच अन्तरसम्बन्ध** : पूर्वाधार, सहयोग आदानप्रदान र व्यापार-व्यवसायका हिसाबले ग्रामीण र सहरी क्षेत्र आपसमा जोडिएकै छन् । ग्रामीण क्षेत्रमा राम्रो स्वास्थ्य शिक्षा र यातायातको प्रबन्ध हुन सकेमा जानसाि्यक असन्तुलन बढ्न पाउँदैनथ्यो । त्यस्तैगरी, कृषि, पशुपालन र वनजन्य पदार्थमा आधारित उद्योग सञ्चालन गर्न सकेमा स्रोतसाधनको सदुपयोग र रोजगारी बढ्नाका साथै सहर र गाउँको अन्तरसम्बन्ध थप गाढा भएर जान सक्छ ।

**राजनीति र प्रशासनबीचको सम्बन्ध र सौहार्द्रता निर्माण** : जनअपेक्षा बुझेर नीतिमा आबद्ध गर्नेदेखि लिएर कुनै पनि परियोजनाको पूर्वतयारीदेखि कार्यान्वयनसम्म पनि राजनीति र प्रशासनले एकापसमा विश्वास गर्दै सुझबुझका साथ अघि बढ्नुपर्दछ । विधि र प्रणालीको पालना र तथ्य प्रमाणलाई सबैले मान्ने गरी नै मानक निर्माण गर्नुपर्दछ । फरक राजनैतिक पार्टी भन्दैमा वा फरक तहको कर्मचारी भन्दैमा शङ्का गर्नु उपयुक्त होइन । जिम्मेवारीमा रहेकाहरु निष्पक्ष र जवाफदेही हुनै पर्दछ । कार्यसम्पादनमा सफलताका लागि राजनीति र प्रशासनबीच आ-आफ्नो भूमिका निर्वाह गर्दै परिपूरक सम्बन्ध नै श्रेयस्कर हुन्छ । निरन्तर संवाद, संयुक्तरुपमा अध्ययन भ्रमण तथा खेलकुदजस्ता गतिविधिबाट पनि सौहार्दता बढेर जाने हुन्छ ।

**भएका कामहरु प्रकाशन र प्रसारण** : स्थानीय सरकारबाट भएका कामहरुको विवरण प्रकाशन र प्रसारण गर्न अग्रसर रहनुपर्दछ । वेबसाइट र सामाजिक सञ्जालमार्फत पनि त्यस्ता विवरण सार्वजनिक हुन सक्छन् । आगामी बजेट जारी गर्नुअघि स्थानीय तहको आधारभूत जानकारी पुस्तिका तथा आर्थिक सर्भेक्षण प्रकाशित गर्न पहल गर्ने ।

**न्यून उपभोगवाद र मानवीयता** : अबको जीवन पद्धति जतिसक्दो कम सामग्रीहरु उपभोग गर्ने खालको हुनुपर्दछ । उत्पादनमा सहभागी हुनेले मात्र उपभोग गर्ने हक राख्दछ । त्यस्तै आफ्नो उत्पादन वा कमाईको निश्चित हिस्सा अरूको लागि छुट्याउने संस्कार पहिले थियो, अहिले हराइरहेको हुँदा जगाउनु आवश्यक छ । त्यस्तै विकासका कामहरु गर्दा मानवीय संवेदनालाई समेत नजरअन्दाज गर्नु हुँदैन । आफ्ना बाबुआमालाई आधारभूत रुपमा स्याहार नगर्ने र हेला गर्ने सन्तानलाई सिफारिस रोक्न समेत तयार रहनु पर्दछ । असहाय व्यक्तिहरु फेला परेमा मानव सेवा आश्रमलाई सम्पर्क गर्नु पर्दछ । आफन्त र सहाराविहीन मानसिक रोगीहरुलाई स्थानीय रुपमा उपचार हुन नसकेमा विशेषज्ञ अस्पतालमा पठाउने व्यवस्था स्थानीय तहले गर्नुपर्दछ ।

**सृजनशील प्रतिभाको पहिचान, विकास र सम्मान** : विद्यालय वा क्याम्पसभित्र वा बाहिर अनि जुनसुकै क्षेत्रमा रहेका र उजागर हुन सकेका प्रतिभाहरुको खोजी गर्ने उनीहरुलाई छोटो अवधिको इन्कुवेसन वा गाइडको व्यवस्था गर्ने र प्रतिस्पर्धात्मक हिसाबले चयन गरी सम्मानित गर्ने गर्दा प्रतिभाको प्रस्फुटनमा सहयोग पुग्ने देखिन्छ ।

**स्थानीय तह र अन्य तहसँग सहकार्य र समन्वय** : सहकार्य र समन्वय प्रभावकारी हुनका लागि आपसमा सञ्चार हुनु र विश्वासको वातावरण हुनु आवश्यक छ । माग भएका सूचना तथा विवरण समयमै सम्प्रेषण गर्नुका अलावा भनिए बमोजिमका संयन्त्र गठन गर्ने र स्थानीय तहभित्र विभिन्न विषयका सम्वन्धमा हुनसक्ने सहयोग सम्बन्धमा अद्यावधिक हुने र सम्पर्कमा रहने गर्नु उचित हुन्छ । किनकि तीनै तहका सरकारले सेवा गर्ने भनेको नेपाली नागरिकलाई नै हो उनीहरुकै उन्नति र प्रगति तिनै तहका सरकारको ध्येय हुनुपर्दछ ।

**वडा संरचनाको सबलीकरण** : वडा कार्यालय भनेका सेवा केन्द्र हुन् । सर्वसाधारण नागरिकका दैनन्दिनका विषयहरुमा वडा कार्यालयले सरोकार राख्दछ र सिफारिससम्बन्धी काम पनि गर्दछ । तसर्थ, जनशक्ति, सूचना प्रविधि र कार्य वातावरणका हिसावले वडा कार्यालयलाई बलियो बनाउनु पर्दछ । वडा समितिका साथै वडामा कार्यरत जनशक्तिको क्षमता विकासका लागि समेत क्षमता विकासका कार्यक्रम राखिनुपर्दछ । (लेखक बाग्लुङका प्रमुख जिल्ला अधिकारी हुनुहुन्छ)रासस

# समाजलाई मोती जस्तै चम्काउँदै मोती पुस्तकालय

वासुदेव पौडेल

झन्डै ६५ वर्षअघि स्थापना भएको मोती पुस्तकालय पर्वत जिल्लाको मात्र नभएर देशकै सामाजिक जागरणको दियो बन्दै आएको छ । जिल्लाको फलेवास नगरपालिका-५, खानीगाउँमा २०१६ सालमा स्थापित यस पुस्तकालय स्थापनापश्चात् सामाजिक जागरण र सचेतनाको महत्वपूर्ण केन्द्रका रुपमा पहिचान मात्र बनाएको छैन, देशका अन्य पुस्तकालयका लागि पनि अनुकरणीय बनेको छ ।

स्व. मोतीप्रसाद लम्सालको स्मृतिमा सुरुमा घरको पिढीमा काठको फल्याकले बारेर एउटा कोठाबाट सुरु गरिएको यो पुस्तकालय अहिले सुविधा सम्पन्न भवनमा व्यवस्थित रुपमा सञ्चालन भएको छ ।

२०६३ सालमा समसामयिक विषयका लेखनहरूको सङ्कलन 'मोती' प्रकाशन गरी सोहि पुस्तक विक्री र विज्ञापनवाट सङ्कलित नौ लाख रुपैयाँ रकम समेत गरी पुस्तकालयका लागि एक रोपनी जग्गा खरिद गरिएको थियो ।

सुरुमा रिड नेपालले भवन निर्माणका लागि रु १३ लाख र फर्निचर तथा किताबका लागि रु पाँच लाख सहयोग गरेको पुस्तकालयका संस्थापक अध्यक्ष भोलानाथ शर्माले जानकारी दिनुभयो । उहाँका अनुसार २०६४/६५ सालमा भवन निर्माण सुरु गरी २०६९ सालमा १९ कोठे पक्की भवन निर्माण सम्पन्न भएको थियो । भवन निर्माणका लागि शिक्षा मन्त्रालयले रु ४५ लाख उपलब्ध गराएको लम्सालले जानकारी दिनुभयो । पुस्तकालयमा हाल २५ हजार पुस्तकहरू रहेका छन् । पुस्तकालयका लागि पछि एक रोपनी जग्गा समेत थपिएकामा त्यहाँ शहरी विकास मन्त्रालयको रु ३० लाख सहयोगमा अर्को १५० जना क्षमताको सभा कक्ष निर्माण भैरहेको उहाँले जानकारी दिनुभयो ।

पुस्तकालय स्थापनासँगै यसले यस क्षेत्रमा शैक्षिक जागरणका साथै सामाजिक सचेतना अभिवृद्धिमा पनि विशिष्ट योगदान पुगेको उहाँको भनाइ छ । हरेक दिन बिहान १० बजेदेखि अपराह्न ५ बजेसम्म सञ्चालन हुने यस पुस्तकालयमा दैनिक विभिन्न उमेर समूहका पाठकहरू आउने गरेका छन् । समाजमा पठन संस्कृति हराउँदै गएको बेला यस पुस्तकालयमा भने दैनिक ६०/६५ जनासम्म पाठक आउने गरेको पुस्तकालय व्यवस्थापन समितिका सचिव एवम् लाइब्रेरियन इन्द्रप्रसाद सापकोटाले जानकारी दिनुभयो । उहाँका अनुसार पुस्तकालयमार्फत नै पर्वत जिल्लाका १७० विद्यालयमा 'सामुदायिक विद्यालयमा 'विद्यालय पुस्तकालय कार्यक्रम' सञ्चालन गरिएको छ । ती विद्यालयमा पुस्तकालयका तर्फबाट आवश्यक साथ सहयोगसँगै समयसमयमा अनुगमन तथा कार्यक्रमहरू सञ्चालन गरिएको छ ।

पर्वत जिल्लामा रहेका सामुदायिक तथा सरकारी विद्यालयमा पठन संस्कृतिको विकास गर्न यो कार्यक्रम सञ्चालन गरिएको सापकोटाले जानकारी दिनुभयो । पुस्तकालयले समयसमयमा सञ्चालन गर्दै आएको घुम्ती पुस्तकालय सेवा पनि समाजका लागि बहुउपयोगी बनेको छ । समाजमा पठन संस्कृतिको विकास गर्न पाठ्यसामग्री झोलाझोलामा राखेर पुस्तकालयमा आउन नसक्ने अशक्त व्यक्तिको घर र टोलमा जाने अभियानले सामाजिक जागरणमा विशेष टेवा पुगेको छ ।

पुस्तकालयमार्फत मोती सामुदायिक सिकाइ केन्द्र, प्राविधिक ज्ञान सेवा कार्यक्रम, मोती सामुदायिक पुस्तकालय महिला बचत तथा ऋण सहकारी सञ्चालन भएको छ । त्यस्तै सुरक्षित आप्रवासन कार्यक्रम, मोति महिला सिलाइकटाइ उद्योगजस्ता विभिन्न कार्यक्रम सञ्चालन गर्दै सामाजिक सचेतना अभिवृद्धिमा पनि महत्वपूर्ण योगदान पुर्‍याएको छ ।

व्यवस्थित भवनसँगै पुस्तकालयमा विभिन्न कक्षहरू सञ्चालनमा रहेको पुस्तकालयका अध्यक्ष कृष्णराज पौडेलले जानकारी दिनुभयो । उहाँका अनुसार पुस्तकालय कक्षमा १२ वर्षदेखि माथिका विभिन्न उमेर समूहका नागरिकले भरपुर उपयोग गर्दै आएका छन् । यहाँको विद्युतीय पुस्तकालयमा एक सफ्टवयरमा सात हजार पुस्तक राखिएको छ भने कम्प्युटरहरू नेटवर्किङ गरी राखिएको छ । पुस्तकालयको बाल कक्षमा १२ वर्षसम्मका बालबालिकाका लागि खेल्ने सामाग्रीसँगै बाल सहित्यका विभिन्न सामग्री राखिएको छ ।

महिला कक्ष राखिएको पुस्तकालयमा समुदायका महिलालाई कसरी पुस्तकालयमा ल्याउने भन्ने उद्देश्यका साथ विभिन्न तालिममा सहभागी गराउने गरिएको छ । यसैका माध्यमबाट महिलालाई आयआर्जनमा जोड्ने उद्देश्यका साथ २०७० सालमा २० रुपैयाँ र २० जनाबाट शुरुआत गरिएको मोती पुस्तकालय महिला वचत तथा ऋण सहकारी २०७० सालबाट सञ्चालनमा आइसकेको छ ।

पुस्तकालयमा समुदायका महिलालाई ल्याएर उनीहरूलाई विभिन्न तालिममा सहभागी गराउने, दैनिक रुपमा पुस्तकालयमा आउने बानी बसाल्ने, आयआर्जनमा जोड दिने उद्देश्यका साथ सञ्चालित सहकारीमा हाल चार सय जना महिला आवद्ध हुनुहुन्छ । यस संस्थाले डेढ करोड रुपैयाँ बराबरको कारोवार समेत गर्नुको साथै रु २२ लाख संस्थाको शेयर पुँजी रहेको छ ।

पुस्तकालयमा रहेको तालिम कक्ष यस क्षेत्रकै लागि बहुउपयोगी बनेको छ । यसले पुस्तकालयका कार्यक्रमसँगै फलेवास नगरपालिकाका विभिन्न कार्यक्रम सञ्चालन गर्दा आयआर्जनमा समेत सहयोग पुगेको अध्यक्ष पौडेलले जानकारी दिनुभयो । उहाँका अनुसार पुस्तकालयमा अनौपचारिक शिक्षाअन्तर्गत मोती सामुदायिक पुस्तकालय सिकाइ केन्द्र सञ्चालन गरिएको छ । केन्द्रमा नगरपालिकाको शिक्षा शाखाका कर्मचारी समेत रहनुभएको छ । सिकाइ केन्द्रको कर्मचारीसहित पुस्तकालयमा चारजना कर्मचारी कार्यरत रहनुभएको उहाँले जानकारी दिनुभयो ।

रिड नेपाल र प्राक्टिकल एक्सनको सहयोग तथा मोती सामुदायिक पुस्तकालयको व्यवस्थापनमा सञ्चालित प्राविधिक ज्ञान सेवा कार्यक्रमले समुदायका किसानका समस्या पहिचान गरी विज्ञसहितको टोलीले समस्या समाधान गर्ने भएकाले यसले समुदायमा राम्रो प्रभाव पारेको लाइब्रेरयिन सापकोटाले जानकारी दिनुभयो । पुस्तकालयकै प्रयासमा सुरु भएको मोती महिला सिलाइकटाइ उद्योग दलित, जनजाति, गरिब तथा सिमान्तकृत गृहिणी महिलालाई उद्यमशील बनाउने उद्देश्य राखिएको छ । सुरुमा १५ जना महिलालाई एड्भान्स सिलाइकटाइ तालिम प्रदान गरी त्यसपछि मोती महिला सिलाइकटाइ उद्योगको रुपमा सञ्चालन गरिको थियो । उद्योगमार्फत सेनेटरी प्याड तथा अन्य फेसनेवल सामग्री उत्पादन गर्न शुरु गरिएको छ । यसै कार्यक्रमअन्तर्गत एक हजार ३०० जना छत्रा तथा महिला शिक्षिकालाई लाई निःशुल्क सेनेटेरी प्याड, रुमाल, साबुन, पेन्टी जस्ता सामग्रीका साथै सरसफाइसम्बन्धी जानकारी पुस्तिका समेत वितरण गरिसकिएको उहाँले जानकारी दिनुभयो ।

समुदायमा आयआर्जन गराउने उद्देश्य राख्दै पुस्तकालयले अगरबत्ती बनाउने, ज्याति कात्ने जस्ता तालिम प्रदान गर्दै आएको छ । समुदायमा आयआर्जनका लागि मुढा, कुसनहरु बनाउने तालिमसँगै टिसर्ट बनाउने जस्ता विभिन्न खालका प्रतियोगिता सञ्चालन गर्ने गरिएको छ ।

पुस्तकालयमा मोती सामुदायिक पुस्तकालय सदस्यता विस्तार, आर्थिक सङ्कलन तथा अक्षयकोष अभियान सञ्चालन गरिएको छ । मोती स्मृर्तिकोष अभियानअन्तर्गत स्व.भाग्यकुमारी खनाल स्मृतिकोष जस्ता कोष स्थापना गरिएको छ । पुस्तकालयमार्फत मोती सामुदायिक पुस्तकालय पर्यावरण संरक्षण तथा सरसफाइ अभियान सञ्चालन गरिँदै आइएको छ । त्यस्तै ट्यागगल्स कार्यक्रम सञ्चालन अभियानअन्तर्गत १२ वर्षदेखि १५ वर्षका किशोरीहरूलाई प्रविधिमार्फत सशक्तीकरण गरी क्षमता अभिवृद्धि गराउने गरिएको छ । यस अभियानमा हालसम्म एक सय १० जना सहभागी बनेका छन् ।

पुस्तकालयको दिगो सञ्चालन एवम् व्यवस्थापनका लागि विभिन्न अभियान तथा कार्यक्रम प्रभावकारी बनेका छन् । म्याचिङ्ग फन्ड अभियानअन्तर्गत पुस्तकालयलाई दिगो सञ्चालनको लागि सिहाटल अमेरीका वस्नुहुने पुस्तकालयको संरक्षक सदस्य अमूल्य भट्टराई र यादवमणि भट्टराईले मासिक एक सय अमेरिकी डलर जम्मा गरी वार्षिक रुपमा जम्मा भएको एक हजार २०० डलरलाई माइक्रोसफ्ट कम्पनीमा ' म्याचिङ' गरी वार्षिक रुपमा दुई हजार ४०० अमेरिकन डलर जम्मा गरिरहनु भएको छ ।

दिनको एक रुपैयाँ सहयोग अभियान यहाँको अर्को विशिष्टता हो । यस अभियानमार्फत समुदायमा रहेका व्यक्तिलाई पुस्तकालयमा जोडिनका लागि आह्वान गरिएको छ । यस अन्तर्गत जन्मोत्सव, श्राद्ध, चौरासी पुजा, चुडाकर्म, विवाह, न्वारान, सरकारी सेवामा जोडिदा होस् वा वढुवा हुँदा स्वःफूर्त रुपमा एक रुपैयाँ दान अभियानमा अहिलेसम्म एक सय ६३ जनाबाट रु.९८ हजार आठ रुपैयाँ जम्मा भएको छ ।

लाइब्रेरियन सापकोटाका अनुसार पुस्तकालय सञ्चालनको लागि नियमित स्रोतको अवस्था नरहे पनि तालिम हलको भाडा, सदस्यता, म्याचिड फण्ड, ब्याज, चन्दा, आर्थिक सहयोग सहित वार्षिक २० लाख रुपैयाँसम्म आम्दानी हुने गरेको छ । पुस्तकालयमा कार्यरत कर्मचारीको तलव, मसलन्द, मर्मतसम्भार, विभिन्न कार्यक्रम सञ्चालन लगायतमा रु १६ लाख खर्च भई औषत चार लाख बचत हुने गरेको छ । अहिले पुस्तकालयको कूल सम्पत्ती रु एक करोड ७० लाख रहेको बताइएको छ ।

नौ प्रकारका सदस्यता कायम गरेकामा कुल ९४८ सदस्य रहेको पुस्तकालयमा हाल पाँच सय ३८ साधारण सदस्य, ३१९ आजीवन सदस्य, ८४ संरक्षक सदस्य, तीन विशिष्ट सदस्य, दुई मानार्थ संस्थापक सदस्य, एक जना प्रमुख संरक्षक सदस्य र एक जना मानार्थ स्वदेशी सदस्य रहनुभएको छ । पुस्तकालयको हाल निर्माणाधीन सभा कक्ष समुदायका मानिसहरूले भूकम्पलगायतका विभिन्न प्राकृतिक विपत्तीका क्रममा उपयोग समेत गर्न सक्ने उल्लेख गर्दै उहाँले उक्त स्थानमा पर्वत जिल्लामा प्रचलित लोपोन्मुख संस्कार, संस्कृति, प्राचीन ढिकी, जाँतो जस्ता सामग्री समेतको सङ्कलन गर्दै सङ्ग्रहालय समेत निर्माण गर्ने अवधारणा अघि सारिएको बताउनुभयो ।रासस

# प्रतिनिधिसभा बैठक: खर्च कटौतीका १२ प्रस्ताव प्रस्तुत

## बजेटमा विभेद् भएको सांसदको गुनासो

काठमाण्डु । प्रतिनिधिसभाको मंगलबारको बैठकमा विभिन्न सातवटा मन्त्रालय तथा निकायको खर्च कटौतीका लागि १२ वटा प्रस्ताव प्रस्तुत भएका छन् । बैठकमा विनियोजन विधेयक २०८१ माथिको छलफल जारी छ ।



मंगलबारको बैठकमा सांसद डा अमरेशकुमार सिंहले ‘विनियोजन विधेयक, २०८१ अन्तर्गत गृह, परराष्ट्र, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, राष्ट्रिय योजना आयोग, राष्ट्रपतिको कार्यालय र उपराष्ट्रपतिको कार्यालय शीर्षकको खर्च रकमलाई घटाइ एक रुपैयाँ गरियोस्’ भनी खर्च कटौतीको प्रस्ताव प्रस्तुत गर्नुभएको छ ।

उहाँले बजेट विनियोजन गर्दा आर्थिक अनुशासन पालना नभएको तथा शक्ति र पहुँचका आधारमा बजेट विनियोजन भएको गुनासो गर्नुभयो । नेपालको ठूलो श्रमशक्ति विदेश गइरहेको अहिलेको अवस्थामा मुलुकभित्रै रोजगारी सिर्जना गर्नेगरी बजेट आउन नसकेको उहाँको टिप्पणी थियो । नेपालको आर्थिक कूटनीति कमजोर भएको विषय पनि सांसद सिंहले संसद्धा उठाउनुभयो ।

सांसद प्रेम सुवालले ‘विनियोजन विधेयक, २०८१ अन्तर्गत गृह मन्त्रालय, परराष्ट्र मन्त्रालय, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, राष्ट्रिय योजना आयोग, उपराष्ट्रपतिको कार्यालय र राष्ट्रपतिको कार्यालय शीर्षकको खर्च रकममा उल्लेखित रकम घटाइयोस्’ भन्ने प्रस्ताव पेस गर्नुभयो । सामाजिक सुरक्षा भत्ता लिनका लागि राष्ट्रिय परिचयपत्र अनिवार्य गर्दा त्यसले समस्या निम्ताएको भन्दै सांसद सुवालले यो व्यवस्थालाई तत्काल बाध्यकारी बनाउन भन्दा पनि विस्तारै कार्यान्वयनमा लगिनुपर्ने बताउनुभयो ।

सहरी क्षेत्रमा सरकारले नै विद्युतीय गाडी सञ्चालनमा ल्याउनुपर्ने विषयमा पनि उहाँले सांसदमा राख्नुभयो । त्यस्तै, देशका विभिन्न स्थानमा सरकारी जग्गा मिचिएको विषयमा अध्ययन गरी त्यस्तो जग्गा सरकार मातहतमा ल्याउन पनि आग्रह गर्नुभयो ।

सांसद राजेन्द्रप्रसाद लिङ्देनले ‘विनियोजन विधेयक, २०८१ अन्तर्गत भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय शीर्षकको खर्च रकमलाई घटाइ एक रुपैयाँ कायम गरियोस्’ भनी खर्च कटौतीको प्रस्ताव प्रस्तुत गर्नुभयो । भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयका बजेट विनियोजन वस्तुनिष्ठ र मन्त्रीको निर्देशनमा जथाभावी बजेट हालिएको आरोप लगाउनुभयो ।

त्यस्तै, बजेट निर्माणमा सरकारका मन्त्रीले मनोमानी गरेको र बजेट अनुशासन मिचेको उहाँको आरोप छ । “कुनै जिल्लामा एउटा पनि योजना नपर्ने तर कुनै जिल्लामा एउटै पालिका वा निर्वाचन क्षेत्रमा दर्जनौँ योजना पर्ने बजेट निर्माणको यो कस्तो विधि र प्रक्रिया हो ?” संसद्धा प्रश्न गर्दै लिङ्देनले भन्नुभयो । बजेट विनियोजनमाथि असन्तुष्टि जनाउँदै सांसद लिङ्देनले रोस्टममै भौतिक मन्त्रालयको बजेट विनियोजन पुस्तिका च्यात्नुभयो । राष्ट्रिय योजना आयोगको कामको प्रभावकारिता देखिन नसकेको पनि लिङ्देनको भनाइ छ ।

सांसद हृदयराम थानीले सभाको आजको बैठकमा ‘विनियोजन विधेयक, २०८१ अन्तर्गत गृह मन्त्रालय शीर्षकको खर्च रकमलाई घटाइ एक रुपैयाँ कायम गरियोस्’ भनी खर्च कटौतीको प्रस्ताव पेस गर्नुभएको छ । सांसद थानीले गृह मन्त्रालयको आगामी आर्थिक वर्षको बजेटमा विविध शीर्षकमा ठूलो रकम विनियोजन भएको भन्दै असन्तुष्टि जनाउनुभयो । गृह मन्त्रालयअन्तर्गतका योजना तथा कार्यक्रम कार्यान्वयनको प्रभावकारितामाथि पनि उहाँले प्रश्न उठाउनुभयो ।

सांसद उदय शमशेर जबराले ‘विनियोजन विधेयक, २०८१ अन्तर्गत परराष्ट्र मन्त्रालय शीर्षकको खर्च रकमलाई घटाइ एक रुपैयाँ कायम गरियोस्’ भन्ने प्रस्ताव प्रस्तुत गर्नुभएको छ । परराष्ट्र मन्त्रालयको चालु बजेट शीर्षकमा वैदेशिक भत्ता, भ्रमण खर्च, अनुगमन भत्तालगायत विषयमा अनावश्यक धेरै रकम विनियोजन भएको उहाँको भनाइ छ । परराष्ट्र मन्त्रालयले आगामी आर्थिक वर्षका लागि रु छ अर्ब ७७ करोड बराबर मात्रै बजेट पाएको उल्लेख गर्नुहुँदै सांसद जबराले यो रकम मन्त्रालयका लागि अत्यन्त न्यून रकम रहेको बताउनुभयो ।

विदेशस्थित नेपाली नियोगहरु र राजदूतावासको कार्य सञ्चालन कमजोर देखिएका बताउनुहुँदै उहाँले नेपालको आर्थिक कूटनीति कमजोर हुँदै गएको बताउनुभयो । वैदेशिक लगानीको प्रतिबद्धताको तुलनामा प्राप्ति निकै कम देखिएको बताउनुहुँदै सांसद जबराले विदेशस्थित नियोगको परिचालन प्रभावकारी हुनेसके लगानी प्राप्ति बढ्ने दाबी गर्नुभयो ।

सांसद रोशन कार्कीले परराष्ट्र मन्त्रालय शीर्षकको बजेटमा खर्च कटौतीको प्रस्ताव पेस गर्नुभएको छ । आजको बैठकमा ‘विनियोजन विधेयक, २०८१ अन्तर्गत परराष्ट्र मन्त्रालय शीर्षकको खर्च रकमलाई घटाइ एक रुपैयाँ गरियोस्’ भन्ने प्रस्ताव पेस गनुहुँदै परराष्ट्र मन्त्रालयले विभिन्न शीर्षकमा अनावश्यक विनियोजन गरेकोमा त्यसलाई कटौती गरी संसद् सचिवालयको सेवा सुविधामा प्रयोग गरिनुपर्ने उहाँको भनाइ छ । रुसी सेनामा भर्ती भएका नेपालीको स्वदेश फिर्ती, रुस-युक्रेन युद्धमा मृत्युवरण भएका नेपालीको परिवारलाई राहत तथा क्षतिपूर्तिका लागि गम्भीरताका साथ पहल गर्न पनि सांसद कार्कीले संसद्मार्फत् सरकारलाई आग्रह गर्नुभयो ।

सांसद प्रदीप पौडेलले ‘विनियोजन विधेयक, २०८१ अन्तर्गत भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय शीर्षकको खर्च रकमलाई घटाइ एक रुपैयाँ कायम गरियोस्’ भन्ने प्रस्ताव पेस गर्नुभयो । “बजेटले कानुनी मापदण्ड उल्लङ्घन गर्ने प्रतिस्पर्धा गरेको छ र सीमित निर्वाचन क्षेत्र केन्द्रित बजेट आएको छ । बजेटले आर्थिक अनुशासन पालना भएको देखिँदैन”, पौडेलले भन्नुभयो, “अहिलेको राष्ट्रिय प्राथमिकता के हो र कुन क्षेत्रका लागि बजेट आवश्यक छ भन्ने कुरा पनि स्पष्ट छैन ।” निकै सानो रकमका योजना पनि सङ्घीय बजेटमा राखिएको र यसले सङ्घीयताको मर्मलाई समेट्न नसकेको उहाँको भनाइ छ । बैठक भत्ता, अनुगमन भत्ता आदि शीर्षकमा ठूलो रकम विनियोजन हुनु पनि आर्थिक अनुशासनको उल्लङ्घन रहेको सांसद पौडेलले बताउनुभयो ।

सांसद बुद्धिमान तामाङले ‘विनियोजन विधेयक, २०८१ अन्तर्गत गृह मन्त्रालय शीर्षकको खर्च रकमलाई घटाई एक रुपैयाँ कायम गरियोस्’ भनी खर्च कटौतीको प्रस्ताव प्रस्तुत गर्नुभयो । सुरक्षा निकायमा कार्यरत कर्मचारीको तलब भत्ता निकै कम रहेको र मूल्यवृद्धिको अनुपातसँग मिल्नेगरी तलबभत्ता समायोजन गर्नुपर्ने माग उहाँले राख्नुभयो । कारागारमा क्षमताभन्दा बढी कैदीबन्दी राख्नुपर्ने समस्या समाधानका लागि सरकारले धेरै महत्व नदिएको र कारागार सुधार तथा मर्मतसम्भारका लागि पर्याप्त बजेट विनियोजन हुन नसकेको उहाँको भनाइ छ । सरकारले बूढीगण्डकी जलाशययुक्त जलविद्युत् आयोजना अघि बढाउने भनिरहे पनि पर्याप्त बजेट विनियोजन नगरेको सांसद तामाङले बताउनुभयो ।

सांसद चन्दा चौधरीले ‘विनियोजन विधेयक, २०८१ अन्तर्गत प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय शीर्षकको खर्च रकमलाई घटाइ एक रुपैयाँ कायम गरियोस्’ भनी खर्च कटौतीको प्रस्ताव प्रस्तुत गर्नुभयो । एउटै प्रयोजनका लागि धेरैवटा शीर्षकमा बजेट विनियोजन भएको उल्लेख गर्नुहुँदै सांसद चौधरीले त्यसलाई कटौती गरिनुपर्ने बताउनुभयो । त्यस्तै, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयको बजेट विनियोजनमा कुशलता नदेखिएको र शक्ति र पहुँचका आधारमा बजेट बाँडिएको चौधरीको भनाइ छ । “कर्णालीमा पुल बनाउनका लागि लाखमा बजेट तर मन्त्रीको जिल्लामा वडामा करोड बजेट परेको छ । के तपाईं आफ्नो क्षेत्रका लागि मात्रै मन्त्री भएको हो ?”, संसद्धा प्रश्न गर्दै सांसद चौधरीले भन्नुभयो ।

सांसद ज्ञानबहादुर शाहीले ‘विनियोजन विधेयक, २०८१ अन्तर्गत प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय शीर्षकको खर्च रकमलाई घटाइ एक रुपैयाँ गरियोस’ भनी खर्च कटौतीको प्रस्ताव प्रस्तुत गर्नुभएको छ । आगामी आर्थिक वर्ष २०८१/८२ को बजेटले कर्णाली प्रदेशलाई उपेक्षामा पारेको र न्यून बजेट विनियोजन भएको सांसद शाहीको भनाइ छ । बजेट निर्माणका क्रममा सरकारले सत्तापक्षकै सांसदसँग पनि छलफल नगरेको र आफुखुसी बजेट विनियोजन गरेको बताउनुभयो ।

“बजेटमा विभेद भएको छ । हामी भिख मागेको होइन, अधिकार मागेको हो । यस्तो विभेद अन्त्य गर्न अब सडक र संसद्धा आन्दोलन हुन्छ”, सांसद शाहीले भन्नुभयो । कर्णाली प्रदेशमा अहिले पनि शिक्षा, स्वास्थ्य, खानेपानी, सडक पूर्वाधारलगायत अत्यावश्यक सुविधा पुग्न नसकेको र बजेटले पनि कर्णालीलाई पर्याप्त बजेट विनियोजन नगरेको आरोप उहाँको छ ।

सांसद ध्रुवबहादुर प्रधानले ‘विनियोजन विधेयक, २०८१ अन्तर्गत राष्ट्रिय योजना आयोग शीर्षकको खर्च रकमलाई घटाइ एक रुपैयाँ कायम गरियोस्’ भनी खर्च कटौतीको प्रस्ताव प्रस्तुत गर्नुभयो । राष्ट्रिय योजना आयोग सक्रिय हुन नसकेका कारण आयोगको खर्च कटौतीको प्रस्ताव संसद्धा प्रस्तुत गरेको उहाँको भनाइ छ । आयोगको काम र प्रकृतिमा दोहोरोपन देखिएको, आयोगको पदाधिकारी नियुक्तिमा राजनीति हाबी हुने गरेको, नेपालको आर्थिक नीति तय गर्ने र तर्जुमा गर्ने प्रक्रियामा आयोगको भूमिका कमजोर देखिएकोलगायत समस्या देखिएकाले उक्त संरचनाको आवश्यकता र औचित्यमाथि नै सांसद प्रधानले प्रश्न उठाउनुभयो ।

सांसद बिना लामाले ‘विनियोजन विधेयक, २०८१ अन्तर्गत उपराष्ट्रपतिको कार्यालय र राष्ट्रपतिको कार्यालय शीर्षकको खर्च रकमलाई घटाइ एक रुपैयाँ गरियोस्’ भनी खर्च कटौतीको प्रस्ताव प्रस्तुत गर्नुभयो ।रासस

# सम्बन्ध विस्तारमा शैक्षिक मेला उपयोगी हुने परराष्ट्रमन्त्रीको विश्वास



काठमाण्डु । उपप्रधानमन्त्री तथा परराष्ट्रमन्त्री नारायणकाजी श्रेष्ठले चिनियाँ शैक्षिक मेलाले नेपाल र चीनका विश्वविद्यालयबीच सम्बन्ध विस्तार भई शिक्षाको गुणस्तर वृद्धिमा पनि सहयोग पुग्ने बताउनुभएको छ ।

यहाँस्थित चिनियाँ राजदूतावास र चाइना स्कलरसिप काउन्सिलले राजधानीमा मंगलबार आयोजना गरेको चिनियाँ शैक्षिक मेलाको उद्घाटन गर्दै उहाँले चीनका प्राध्यापकले नेपालको भ्रमण गरेर दुई देशबीचको शैक्षिक सुधारमा पनि सहयोग पुगेको बताउनुभयो । नेपाली विद्यार्थीले चीनमा छात्रवृत्ति पाएर अध्ययन गरी विशिष्टता हासिल गरेर फर्केका धेरै उदाहरण रहेको उपप्रधानमन्त्री श्रेष्ठले कार्यक्रममा सुनाउनुभयो । मेलापछि भविष्यमा अझ धेरै विद्यार्थी लाभान्वित हुने उहाँको विश्वास थियो ।

शैक्षिक मेलाले चीनको उच्च शिक्षाका बारेमा जानकारी दिन कोशेढुङ्गाको काम गरेको उल्लेख गर्दै उहाँले नेपालका पूर्व एवं वर्तमान उच्च अधिकारीबाट भएको औपचारिक भ्रमणले पनि दुई देशबीचको शैक्षिक, सांस्कृतिक र सामाजिक सम्बन्ध विस्तारमा महत्वपूर्ण भूमिका खेलेको श्रेष्ठको भनाइ थियो । नेपालका लागि चिनियाँ राजदूत चेन सोङले हाल चीनमा दुई हजार पाँच सय नेपाली विद्यार्थी अध्ययनरत रहेको जानकारी दिँदै नेपालमा अध्ययन, अध्यापन गर्न आउने चिनियाँ विज्ञ, विश्वविद्यालयका विद्यार्थी र अन्तर्राष्ट्रिय चिनियाँ शिक्षा स्वयंसेवकको सत्ट्या निरन्तर बढिरहेको बताउनुभयो ।

दुई देशबीचको सांस्कृतिक आदानप्रदान र शैक्षिकसहयोग चीन-नेपालबीचको सम्बन्धको महत्वपूर्ण आधारशीला बनेको उहाँले बताउनुभयो । यसले साझा भविष्यका साथै चीन-नेपाल समुदायको घनिष्ठ र अझ नजिकको सम्बन्ध निर्माण गर्न अतुलनीय योगदान दिएको राजदूत सोङले बताउनुभयो ।नेपाल-चीन सांस्कृतिक तथा शैक्षिक परिषद्का अध्यक्ष हरिश्चन्द्र साहले दुई देशबीचको शैक्षिक सम्बन्ध पनि जनस्तरमा जस्तै सुमधुर बनाउन शैक्षिक मेलाले सहयोग गर्ने विश्वास व्यक्त गर्नुभयो । चीनको शैक्षिक गुणस्तर अन्तर्राष्ट्रियस्तरको भएकाले नेपाली विद्यार्थीले यसबाट लाभान्वित हुने अवसर पाउने उहाँले सुनाउनुभयो ।

कार्यक्रममा चाइना स्कलर सिप काउन्सिलका उपमहासचिव झाङ जुनियरले एक दशकपछि यस्तो मेला आयोजना गरेर चिनियाँ शैक्षिक अवस्थाका बारेमा नेपाली विद्यार्थी, अभिभावक एवं सरोकार भएका अन्य व्यक्तिलाई गराउने अवसर प्राप्त भएको बताउनुभयो । एक दिने शैक्षिक मेलामा चीनका ३१ विश्वविद्यालय एवं शैक्षिक प्रतिष्ठानले सञ्चालन गरिरहेका कार्यक्रमका बारेमा जानकारीसहितको सामग्री राखिएको छ । यसबाट चीनमा गई उच्च शिक्षा हासिल गर्न चाहने नेपाली विद्यार्थी लाभान्वित हुने विश्वास गरिएको छ ।रासस


**मधेश प्रदेश सरकार**

**ऊर्जा, सिंचाई तथा खानेपानी मन्त्रालय**

**खानेपानी तथा सरसफाई डिभिजन कार्यालय**

**डिभिजन नं. १, सप्तरी**

## क्याटलग /ब्रोसर सपिङ्ग विधिबाट सवारी साधन खरीद सम्बन्धी सिलबन्दी प्रस्ताव आव्हानको सूचना

**प्रथम पटक प्रकाशित मिति : २०८१।०३।०५ गते**

यस कार्यालयको आ.व. २०८०/०८१ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार देहाय बमोजिमको सवारी साधन सार्वजनिक खरिद ऐन, २०६३, (पहिलो सँशोधन सहित) को दफा ८ को उपदफा १(क) ८ तथा सार्वजनिक खरिद नियमावली २०६४ (तेह्रौं संशोधन सहित) को नियम ३१ ख बमोजिम क्याटलग सपिङ्ग विधिबाट खरीद गर्नुपर्ने भएकोले सार्वजनिक खरीद नियमावली २०६४ को नियम ३१ (ख) को उपनियम २ अनुसार देहाय बमोजिमको सवारी साधनको उत्पादनको अधिकारीक स्पेशिफिकेशन, गुणस्तर र कम्पनीको अधिकारीक मूल्य खुल्ने कागजात क्याटलग/ब्रोसर संलग्न राखी तपसिलमा उल्लेखित भए बमोजिमको प्रस्ताव दर्ता गराउनु हुन उत्पादक वा अधिकारीक बिक्रेताको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

१. उक्त कागजात लिनकालागि इच्छुक सवारी साधन उत्पादक कम्पनी वा सो को नेपालकालागि अधिकारीक बिक्रेताले उक्त सवारी साधन बिक्री वितरण गर्न नेपाल सरकारको सम्बन्धीत निकायबाट प्राप्त भएको अनुमतिपत्र, सो को अद्यावधिक नवीकरण भएको पत्र, स्थायी लेखा नम्बर तथा मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व. २०७९/०८० सम्मको कर चुक्ता गरेको प्रमाणित कागजात, उक्त सवारी साधन सप्लाई गरेको हालसम्मको विस्तृत विवरण, सम्बन्धीत कार्य अनुभवको प्रमाणपत्र सहित यो सूचना प्रकाशित भएको मितिले ८ (आठ) औं दिन ११:०० बजे सम्म यस कार्यालयमा पेश हुनआएका प्रस्तावहरु खोलिने छ ।
२. साथै सुचिकृत नभएका उत्पादन वा अधिकारीक बिक्रेता कम्पनीहरुले सूचिकृत गराई उक्त सिलबन्दी प्रस्ताव पेश गर्न सकिने व्यहोरा समेत जानकारी गराइन्छ ।
३. पेश गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा लगतै कार्यालय खुलेको दिन पेश गर्न सकिनेछ ।
४. सवारी साधन आर्थिक वर्ष समाप्त हुनु अगावै उपलब्ध गराउनुपर्नेछ ।
५. सिलबन्दी प्रस्ताव स्वीकृत/अस्वीकृत वा स्थगित गर्ने लगायत अन्य सबै कुराको अधिकार कार्यालयमा निहित रहनेछ ।
६. थपजानकारीको लागि ९८५२८२२१७५ मा सम्पर्क गर्न सकिनेछ ।

| सि.नं. | सवारी साधनको नाम | संक्षिप्त विवरण | कैफियत |
|---|---|---|---|
| १ | 4WD Double Cab Pickup | Double Cab Pickup, Right Hand Drive, Model with Four Wheel drive suitable for driving both in ON- ROAD condition of Nepal . Gross vehicle weight (GVW) shall not be less than 3100 kg and shall have total seating capacity for at least 5 persons including driver . Water cooled diesel Engine, displacement not less than 2100cc developing rated Power not less than130 PS and Torque not less than 300 N-m at governed RPM | संक्षिप्त विवरणमा उल्लेख नभएका कुराहरु स्वीकृत Technical Specification बमोजिम हुनेछ । |

**डिभिजन प्रमुख**



**मधेश प्रदेश सरकार**

**भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय**

**कृषि विकास निर्देशनालय**

**बीउ बिजन प्रयोशाला जलेश्वर, महोत्तरी**

## क्याटलग वा ब्रोसर पेश गर्ने सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति: २०८१/०३/०५**

यस प्रयोगशालाको स्वीकृत कार्यक्रम अनुसार बीउ बिजन परिक्षणका लागि ल्याब उपकरण खरिद गर्न सार्वजनिक खरिद ऐन २०६४ (पहिलो संशोधन २०७३) को दफा ८ को उपदफा १ (क ८) तथा सार्वजनिक खरिद नियमावली २०६४ (बाह्रौं संशोधन २०७९) को नियम ३१ (ख) बमोजिम त्यस्ता औजार तथा उपकरण उत्पादक कम्पनी वा सो को आधिकारीक विक्रेताहरु बीच मात्र प्रतिस्पर्धा गराउने (क्याटलग सपिङ्ग) विधिबाट खरिद गर्नु पर्ने भएकोले सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३१ ख को उपनियम (२) अनुसार उत्पादन कम्पनी वा बिक्रेताले देहाय बमोजिमको ल्यव मेशिनरी तथा उपकरण मध्ये आफुले बिक्री गर्न चाहने मेशिनरी औजार तथा साधनहरुको अधिकारीक स्पेशिफिकेशन, गुणस्तर, मूल्य र सुविधा सहितको विवरण (क्याटलग वा ब्रोसर) संलग्न राखी यो सूचना प्रकाशित मितिले ७ (सात) दिन (२०८१/०३/११) भित्र बिउ बिजन प्रयोगशाला, जलेश्वर, महोत्तरीमा निवेदन दर्ता गराउनुहुन सम्बन्धित उत्पादक वा अधिकारीक बिक्रेताको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**आवश्यक मेशिनरी औजारहरूको विवरण:**

| क्र.स. | ल्याब उपकरणहरुको विवरण |
|---|---|
| १ | Single chamber seed Germinator |
| २ | Illuminater Purity work board seed Viwer |
| ३ | Verticle seed deep Freezer |
| ४ | oven |
| ५ | Frinckles (Forceps) |

**पेश गर्नु पर्ने कागजातहरू:**

१. सम्बन्धित क्षेत्रमा काम गर्ने फर्म दर्ता प्रमाण पत्रको प्रमाणित पतिलिपि,
२. फर्म नविकरण भएको प्रमाण पत्रको प्रमाणित प्रतिलिपि
३. उत्पादक वा आधिकारिक बिक्रेताको प्रमाण पत्रको प्रतिलिपि (Authorization Letter)
४. आ.व. २०७९/८० को कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि
५. पेशागत कसुरमा कुनै सजाय नपाएको स्वम घोषणा पत्र,
६. योग्यता सम्बन्धि अन्य आवश्य कागजातहरु ।

**नि. कार्यालय प्रमुख**

# पछिल्लो वर्ष द्वन्द्वमा मारिएका मानिसहरुको संख्या बढ्यो : राष्ट्रसंघ



एएफपी

जेनेभा । सन् २०२३ मा विश्वव्यापी द्वन्द्वले अघिल्लो वर्षको तुलनामा तीन गुणा बढी बालबालिका र दुई गुणा धेरै महिलाहरूको ज्यान लिनुका साथै समग्रमा ७२ प्रतिशत बढी नागरिक मृत्यु भएको संयुक्त राष्ट्रसङ्घले मङ्गबार जनाएको छ ।

संयुक्त राष्ट्रसङ्घका अधिकार प्रमुख भोल्कर टर्कले जेनेभामा राष्ट्रसङ्घको मानव अधिकार परिषद्मा युद्धरत दलहरूले बढ्दो रूपमा “स्वीकार्य र कानुनी सीमा भन्दा बाहिर धकेलि रहेको बताउनु भयो । उनीहरूले एक अर्का प्रति पूर्ण तिरस्कार देखाई मानव अधिकारलाई कुल्चिरहेको बताउदै उहाँले नागरिकको हत्या घाइते र पूर्वाधारको विनाश हुनु दैनिक घटना भएको जनाउनु भयो । उहाँका अनुसार द्वन्द्वको समयमा बालबालीकालाई गोली हानियो,अस्पतालहरूमा बम प्रहार गरियो,समुदायहरूमा भारी तोपखानाहरू सुरु गर्नुका साथै घृणित, विभाजनकारी र अमानवीय कार्य गरिए ।

संयुक्त राष्ट्रसङ्घका अधिकार प्रमुखले आफ्नो कार्यालयले गत वर्ष “सशस्त्र द्वन्द्वमा नागरिक मृत्युको संख्या ७२ प्रतिशतले बढेको जनाउने तथ्याङ्क सङ्कलन गरेको बताउनु भयो ।भयावह स्वरूपको तथ्याङ्ले सन् २०२४ मा मारिने महिलाको अनुपात अघिल्लो वर्षको तुलनामा दोब्बर र बालबालिकाको अनुपात तीन गुणा भएको सङ्केत गर्ने उहाँले बताउनु भयो ।गाजा पट्टीमा, तुर्कले “द्वन्द्वका पक्षहरूद्वारा अन्तर्राष्ट्रिय मानव अधिकार र मानवीय कानूनको अवहेलना“ र “असहनीय मृत्यु र पीडा“ बाट स्तब्ध भएको बताउनु भयो ।

> संयुक्त राष्ट्रसँका अधिकार प्रमुखले आफ्नो कार्यालयले गत वर्ष सशस्त्र द्वन्द्वमा नागरिक मृत्युको संख्या ७२ प्रतिशतले बढेको जनाउने तथ्याङ्क संकलन गरेको बताउनु भयो ।

अक्टोबर -७ मा इजरायलमा हमासको अभूतपूर्व आक्रमणपछि युद्धमा “गाजामा एक हजार दुई सय भन्दा बढी मानिसहरू, मारिए भने कयौँ घाइते भए । इजरायलले मे महिनाको सुरुमा रफाहमा आफ्नो कारबाही बढाएपछि, लगभग दस लाख प्यालेस्टिनीहरू फेरि जबरजस्ती विस्थापित भएका छन् ।कोष घटेको उल्लेख गर्दै -तुर्कले युक्रेन, कङ्गो लोकतान्त्रिक गणतन्त्र र सिरियासहित अन्य द्वन्द्वहरूको दायरालाई पनि औंल्याउनु भयो ।

उहाँले सुडानमा, एक वर्षभन्दा लामो गृहयुद्धको चपेटामा लडाकु दल र सम्बद्ध समूहहरूद्वारा नष्ट भइरहेकाले आफ्नै जनताको अधिकारलाई कुल्चियको बताउनु भयो ।यस्तो विनाशले खाँचोमा परेका मानिसहरूको बढ्दो संख्यालाई सहयोग गर्न कोष घट्दै गइरहेको अवस्थामा थप समस्या आउने उहाँले उल्लेख गर्नु भयो । सन् २९२४ मे को अन्त्यसम्म, मानवीय कोष आवश्यकताहरू र उपलब्ध स्रोतहरू बिचको अन्तर ४०.८ अर्ब डलर रहेको टर्कले जानकारी दिनु भयो ।

उहाँका अनुसार अपिलहरू औसत १६.१ प्रतिशतमा मात्र वित्त पोषित छन । यसको तुलना सन् २०२३ मा विश्वव्यापी सैन्य खर्च लगभग २.५ ट्रिलियन डलर भएकोमा २०२२ बाट वास्तविक सर्तमा ६.८ प्रतिशतले वृद्धि भएको उल्लेख गर्दै टर्कले २००९ पछि यो सबैभन्दा तीव्र वार्षिक वृद्धि भएको उल्लेख गर्नु भयो । युद्धले असहनीय मानवीय पीडा दिनुका साथै ठुलो मूल्य चुकाउने उहाँले चेतावनी दिनु भएको छ ।

# उत्तर कोरियाली सैनिकले सीमा पार प्रयास गर्दा सियोलको चेतावनी गोली

एएफपी

सियोल । उत्तर कोरियाका दर्जनौं सैनिकहरूले मङ्गलबार कडा किल्लाको सीमा पारको प्रयास गर्दा चेतावनी पुर्ण गोली चलाइए पछि पछाडी हटेको, सियोलले जनाएको छ । प्योङ्याङ्ले दक्षिणसँगको आफ्नो सीमालाई बलियो बनाएको दुई हप्तामा भएको यो दोस्रो घटना हो ।

सीमा नजिकैको विस्फोटले धेरै उत्तर कोरियाली सैनिकलाईसमेत घाइते बनाएको जोइन्ट चिफ अफ स्टाफले सैनिकहरूले सैन्यै उपकरणहरू बोकेको उल्लेख गर्नु भयो ।

“दर्जनौं उत्तर कोरियाली सैनिकहरूले सैन्य सीमाङ्कन रेखा पार गर्दै गर्दा चेतावनी गोली चलाइएपछि उत्तरतर्फ पछि हटेको एक जेसीएस अधिकारीले भने ।सीमालाई सुदृढीकरण गर्ने जिम्मेवारी दिइएको उत्तर कोरियाली सैनिकको “बारम्बार बारूदी सूङ्ग विस्फोटका घटनाहरूबाट धेरै हताहत भएता पनि उनीहरूले “लापरवाहीपूर्वक अपरेसनहरू



अगाडि बढाउँदै गरेको अधिकारीले भने ।

“उत्तर कोरियाको गतिविधिहरू आन्तरिक नियन्त्रणलाई बलियो बनाउने उपाय जस्तो देखिने बताउदै जेसीएस अधिकारीले उत्तर कोरियाली सेना र उत्तर कोरियालीहरूलाई दक्षिणतर्फ जानबाट रोक्नु यसको उदाहरण भएको उल्लेख गर्नु भयो । रुसी राष्ट्रपति भ्लादिमिर पुटिनका मङ्गलबार पछि प्योङ्याङ भ्रमण गर्ने तयारी सियोलमा चिन्ताको विषय बनेको छ, जसले उत्तरले आफ्नो उपग्रह कार्यक्रममा सहयोगको बदलामा युक्रेनमा प्रयोगका लागि मस्कोलाई हतियार पठाएको आरोप लगाएको छ ।

मङ्गलबार पनि क्रसिङ जुन-९ मा अघिल्लो पटक भएको जस्तै-दुर्घटना भएको जनाउदै जेसीएसले करिब २० देखि ३० उत्तर कोरियाली जनाउनु भयो । प्योङ्याङ्ले हालै दुई कोरियाबिचको सम्बन्ध खस्किएपछि झाडी सफा गर्न थता बारुती सुरुङहरु बिछ्याउन सेना तैनाथ गरेको थियो ।

दुई देशहरू प्राविधिक रूपमा युद्धमा रहदा १९५०-१९५३ को द्वन्द्व एक युद्धविराम पछि समाप्त भयो । तर उत्तर कोरियाले प्रायद्वीप विभाजनलाई बलियो बनाउन अघि बढिरहेको छ । थप बारुती सुरुङहरु बिछ्याउँदै, रणनीतिक सडकलाई सुदृढ पारी ट्याङ्क विरोधी अवरोधहरू जस्तो देखिने, सियोलको सेनाले भन्यो ।मङ्गलबार पनि क्रसिङ जुन-९ मा अघिल्लो पटक भएको जस्तै-दुर्घटना भएको जनाउदै जेसीएसले करिब २० देखि ३० उत्तर कोरियाली

# पाकिस्तानी क्रिकेटमा गुटैगुटको शिकार



काठमाण्डु । पाकिस्तान टी-ट्वान्टी विश्वकप २०२४ को समूह चरणबाटै बाहिरिनु केहीका लागि स्तब्धपूर्ण रह्यो भने केहीका लागि अपेक्षित पनि ।

प्रतियोगिता सुरु हुन लाग्दा पाकिस्तान आफैं उपाधिका लागि बलियो प्रत्यासी थियो । कम्तीमा कागजमा पाकिस्तान बलियो नै थियो । तर यही टिम सुपर-एट पनि पुग्न सकेन ।बाबर आजमको नेतृत्वमा रहेको पाकिस्तानको यति खराब प्रदर्शन किन भयो त ? अहिले यसको कारण खाज्ने काम भइरहेको छ ।

पाकिस्तानी मिडियालाई आधार मान्ने हो भने यो टिमको अपेक्षाभन्दा खराब प्रदर्शनको एउटै कारण रह्यो, खेलाडीबीच रहेको गुट ।

अनि त्यसैकारणले टिमभित्र सिर्जना भएको फुट ।टी-ट्वान्टी विश्वकप सुरु हुनु केही समय अगाडि मात्र बाबरलाई फेरि कप्तानीको जिम्मेवारी दिनु असाध्यै गलत निर्णय सावित भयो । यसअघिका कप्तान थिए, साहिन शाह अफ्रिदी । उनलाई किन हो, नेतृत्वबाट हटाइयो । बायाँ हातका यी बलरले सबै घटनाक्रमलाई स्वीकार्नै सकेनन् ।

अब तयजस्तै देखिएको छ, केही दिनपछि पाकिस्तानबाट खबर आउने छ, टिममा व्यापक फेरबदलको । यो फेरबदल टिममै मात्र सीमित हुने छैन, पाकिस्तानी क्रिकेट बोर्डमै पनि हुनेछ । अनि टिमसँग जोडिएका सबै क्षेत्रमा पनि ।पाकिस्तानी मिडियाका अनुसार अहिले टिममा तीन गुट छन् । त्यसमध्ये एकको नेतृत्व स्वयं बाबरले गरिरहेका छन् । अर्को गुट साहिनको पक्षमा भयो । अनि तेस्रो गुटका नाइके भने मोहम्मद रिजवान हुन् ।साहिनको कप्तानी खोसिएपछि बाबरले उनलाई समर्थन गर्न पनि आवश्यक मानेनन् । त्यसबीच रिजवान भने आफूले किन कप्तानी पाएन भनेर रिसाए ।

यही विश्वकपका लागि भनेर टिममा दुई पुराना खेलाडीले पनि प्रवेश पाएका थिए । ती थिए, मोहम्मद आमिर र इमाद वासिम । उनीहरू आएयता टिममा अझ अन्यौलता छाएको थियो । आमिरलाई किन टिममा राखियो भन्नमै ठूलो विवाद रह्यो ।विशेषतः पाकिस्तानी क्रिकेटको ठूलै खेमा आमिरलाई कुनै पनि हातमा पाकिस्तानी टिमबाट खेलाउनु हुन्न भन्ने पक्षमा थियो, किनभने उनी स्पट फिक्सिङमा संलग्न रहेको प्रमाणित भइसकेका खेलाडी हुन् ।

कुरा कतिसम्म आइरहेको छ भने पाकिस्तानका खासखास खेलाडीबीच बोलचाल पनि छैन ।पाकिस्तानी क्रिकेट बोर्डका अध्यक्ष मोहसिम नक्भीलाई सबै स्थितिबारे राम्रोसँग जानकारी थियो र उनले खेलाडी-खेलाडीबीच मेलमिलापका लागि प्रयास पनि गरेका थिए । तर, उनले पनि केही गर्न सकेनन् ।छनोटकर्ता रहेका वाहब रियाजले पनि खेलाडी-खेलाडीबीचको तनावपूर्ण सम्बन्ध चिस्याउने प्रयास गरेकै थिए । उनको पनि केही चेलन ।

त्यसैकारण यसपल्टको विश्वकपमा कुनै एक खास टिमले सबैलाई निराश पारेको छ भने त्यो पाकिस्तानै रह्यो । अमेरिकाविरुद्ध पाकिस्तानले सुपर ओभरमा बेहोरेको हारमा त खोट लगाउने ठाउँ नै ठाउँ थियो ।अब साँच्चै के हुनेछ त ? यसको ठोस उत्तर पनि कोहीसँग छैन । यस्तो किनभन्दा पाकिस्तानी टिमको प्रदर्शन जस्तो अनिश्चितता छ, स्वयं त्यहाँको बोर्ड, छनोट समितिदेखि सबैमा अनिश्चितता मात्रै छ ।

# थाइल्याण्डका पूर्व प्रधानमन्त्री थाक्सिन कम्प्युटर अपराध अभियोगमा जमानतमा रिहा

एएनआई

बैङ्कक । थाइल्याण्डका पूर्व प्रधानमन्त्री थाक्सिन सिनावात्रालाई सन् २०१५ को अन्तर्वार्ताको टिप्पणीसँग सम्बन्धित लेज-माजेस्टे र कम्प्युटर अपराधको आरोपमा पाँच लाख जमानतमा रिहा गरिएको बैङ्कक पोस्टले जनाएको छ ।महान्यायाधिवक्ताका प्रवक्ताको कार्यालयका अनुसार थाक्सिनले मङ्गलबार बिहान सरकारी अभियोजकलाई रिपोर्ट गरेपछि आपराधिक अदालतले जमानत प्रदान गरेको हो ।

ओएजीको तर्फबाट बोल्दै प्रयुत फेटचाराखुनले अदालतले औपचारिक रूपमा मुद्दा स्वीकार गरी थाक्सिनलाई आधिकारिक प्रतिवादीको रूपमा पहिचान गर्यो । उहाँको रिहाइका सर्तहरूमा उनको राहदानी समर्पण र अदालतको अनुमति बिना थाइल्यान्ड छोड्न प्रतिबन्ध समावेश छ । बैङ्कक पोस्टका अनुसार थाक्सिन नभाग्ने प्रमाणहरु नष्ट नगरी न्यायिक कार्यवाहीमा सहयोग गर्ने आश्वासनमा जमानत दिने निर्णय गरिएको हो ।

गत महिना, ओएजीले त्यस समयमा प्यारोलमा रहेका थाक्सिनलाई अभियोग लगाउने घोषणा गरेको थियो । सुरुमा निर्धारित अभियोग, थाक्सिनको कोभिड-१९को सङ्क्रमणको रिपोर्टका कारण स्थगित भई जुन-१८ का लागि पुनः निर्धारित गरिएको थियो ।थाक्सिनले सन् २०१५ मे मा दक्षिण कोरियाली अखबार चोसुन इल्बोमा गरेको टिप्पणीबाट उत्पन्न आरोपको सामना गर्नु परेको छ । सन् २०२४ को विद्रोहलाई प्रिवी काउन्सिलर हरूले समर्थन गरेको आरोप लगेकाले उनकी बहिनी यिङलक सिनावात्राको सरकार हटाइयो । प्रारम्भिक उजुरी सन् २०१५ मा जनरल प्रयुत चान-ओ-चाको सैन्य प्रशासन अन्तर्गत तत्कालीन उप-रक्षामन्त्री जनरल उदोमदेज सिताबुत्रले दर्ता गरेका थिए ।



जनरल उदोमदेजको निर्देशनमा कार्य गर्दै न्यायाधीश महाधिवक्ताको विभागले थाक्सिन विरुद्ध कानुनी कारबाही गर्यो । बैङ्कक पोस्टका अनुसार अघिल्लो वर्षको अगस्टमा थाइल्यान्ड फर्किएसम्म थाक्सिन विदेशमा रहेका कारण आपराधिक अदालतले सन् २०१५ मा मुद्दा स्वीकार गर्दै गिरफ्तारी वारेन्ट जारी गरेको थियो ।

अधिकारीहरूले अन्तर्वार्तामा थाक्सिनको बयानले कम्प्युटर अपराध ऐन अन्तर्गतका अपराधका अतिरिक्त आपराधिक संहिताको धारा ११२ उल्लङ्घन गरेको आरोप लगाएका छन् । उनीहरूका प्रवक्ताका अनुसार ओएजीले पुलिसका सिफारिसहरू पछ्याउँदै दुवै कानुनहरूलाई समेट्ने आरोपहरू पेस गर्ने विकल्प रोजे ।

कम्प्युटर अपराध ऐन अन्तर्गतको आरोप थाक्सिनले राष्ट्रिय सुरक्षाका लागि हानिकारक ठानिएको कम्प्युटर प्रणालीमा डाटाको कथित इन पुटसँग सम्बन्धित छ । लेज-माजेस्टे कानूनले राजतन्त्र विरुद्धको प्रत्येक कथित अपमानका लागि अधिकतम १५ वर्षसम्म जेल सजाय दिन्छ । थाक्सिन विरुद्धको कानुनी कार्यवाहीले थाई राजतन्त्रसँग सम्बन्धित अभिव्यक्ति सम्बन्धी संवेदनशीलता र कानुनी कठोरतालाई जोड दिन्छ । जुन राष्ट्रको कानुनी र सांस्कृतिक ढाँचाको आधारशिला भएको बैङ्कक पोस्टले जनाएको छ ।

# पेरिस ओलम्पिकमा उच्च तापक्रमको खतरा रहने चेतावनी

एएफपी

पेरिस । जलवायु वैज्ञानिक र खेलाडीहरूद्वारा समर्थित एउटा नयाँ प्रतिवेदनले मङ्गलबार यस वर्षको पेरिस ओलम्पिकमा अत्यधिक तापक्रमको खतरा रहने चेतावनी दिएको छ।

गैरनाफामूलक क्लाइमेट सेन्ट्रल, बेलायतको युनिभर्सिटी अफ पोर्ट्समाउथका शिक्षाविद् र ११ जना ओलम्पियन्सबिचको सहकार्यमा तयार भएको “रिङ्स अफ फायर“ प्रतिवेदनले बढ्दो तापक्रमका कारण पेरिसको अवस्था सन् २०२१ मा टोकियोमा भएको भन्दा खराब हुन सक्ने बताएको छ ।

प्रतिवेदनमा सन् २०२४ को जुलाई-अगस्ट मा हुने पेरिस ओलम्पिकमा तीव्र गर्मीका कारण खेलका क्रममा प्रतिस्पर्धीहरु बेहोस हुने र ज्यान समेत गुमाउन सक्ने जस्तो जटिल अवस्था हुनसक्ने चेतावनी दिइएको छ ।




“रिङ्स अफ फायर“ प्रतिवेदनले सामान्यतया उत्तरी गोलार्धको उचाइमा गर्मीको समयमा आयोजना हुने प्रतियोगिताहरू-जस्तै ओलम्पिक वा विश्वकप फुटबलका आयोजकहरूलाई आफ्नो तालिकामा पुनर्विचार गर्न आग्रह गर्दछ। अध्ययनले गर्मीको जोखिमबाट बच्न पुनर्जलिकरण र शितलनका योजनाहरू पनि प्रदान गर्नुपर्ने तर्क गरेको छ। जुलाई २६ देखि अगस्ट ११ सम्म चल्ने पेरिस ओलम्पिक फ्रान्सको राजधानीमा सामान्यतया सबैभन्दा गर्मी समयमा हुने तयारीमा रहेको छ ।

# अमेरिकामा भारी वर्षा र पहिरोका कारण १३ जनाको मृत्यु

एएफपी

सानसाल्भाडोर ।मध्य अमेरिकामा भारी वर्षाका कारण एल साल्भाडोर र ग्वाटेमालामा बाढी र पहिरोमा परी १३ जनाको मृत्यु भएको अधिकारीहरूले बताएका छन् ।

एल साल्भाडोरमा, अहिलेसम्मको सबैभन्दा बढी प्रभावित देश, पश्चिमी जिल्ला टाकुबामा सोमबार पाँच जनाको मृत्यु भएको नागरिक रक्षा प्रमुख लुइस अमायाले जनाउनु भएको छ । यसै गरी राजधानीको राजमार्गमा यात्रा गरिरहेको कारमा रूख र पोलहरु खस्दा आइतबार दुई जनाको मृत्यु भएको थियो ।

शुक्रबार र आइतबारको बिचमा बाढी र पहिरोमा थप चार जनाको मृत्यु भएको अमायाले बताउनु भयो । आइतबार, कांग्रेसले स्रोतहरूको परिचालनलाई सहज बनाउन आपतकालिन अवस्थालाई अनुमोदन गर्यो ।राष्ट्रपति नायब बुकेलेले एक्समा काङ्ग्रेसलाई मङ्गलबार सङ्घीय बिदाको आग्रह गर्दै यात्राबाट बच्न र “त्रासदीको जोखिम कम गर्न आह्वाहान गर्नु भयो ।

गत शनिबारदेखि नै दुवै स्थानमा वर्षा भइरहेको छ ।ग्वाटेमालामा, पश्चिमी नगरपालिका सकापुलासको चाकाया गाउँमा आइतबार एक महिला र एक पुरुषको मृत्यु भएको अधिकारीहरूले जनाए ।रासस

# नोबेल पुरस्कार विजेता मोहम्मदीलाई इरानमा एक वर्षको कारागार सजाय

एएफपी

तेहरान । इरानको एक अदालतले नोबेल शान्ति पुरस्कार विजेता नरगेस मोहम्मदीलाई ‘राज्यविरुद्ध प्रचार’ गरेको आरोपमा एक वर्षको कारागार सजाय सुनाएको उहाँका वकिलले मङ्गलबार बताएका छन् ।

इरानमा महिलाका लागि अनिवार्य हिजाब र मृत्युदण्डको सजायविरुद्धको वकालत गरेको आरोपमा ५२ वर्षीय मोहम्मदीलाई सन् २०२१ नोभेम्बरदेखि कारागारमा राखिएको छ ।“मोहम्मदीलाई प्रणालीविरुद्ध गलत प्रचार गरेको आरोपमा एक वर्षको कारागार सजाय दिइएको थियो”, वकिल मुस्तफा निलीले सामाजिक सञ्जाल एक्समा भन्नुभयो । उहाँले ‘यो सजाय जारी गर्नुको कारण’ मा संसदीय निर्वाचनको बहिष्कार गर्ने आह्वान, स्विडिश र नर्वेली सांसदहरूलाई पत्र र ‘श्रीमती दिना गालिबफका बारेमा टिप्पणीहरू’ बताउनुभयो ।

अधिकार समूहहरूले पत्रकार तथा छात्रा गालिबफलाई मेट्रो स्टेसनमा अघिल्लो गिरफ्तारीका क्रममा सुरक्षा बलमाथि उनलाई हतकडी लगाएको र यौन दुर्व्यवहार गरेको आरोप लगाएपछि हिरासतमा लिइएको बताएका छन् । गालिबफलाई रिहा गरिएको छ । इरानी न्यायपालिकाको मिजान अनलाइन वेबसाइटले अप्रिल २२ मा गालिबफमाथि ‘बलात्कार नगरिएको’ र उनीमाथि ‘झुटो बयान’ दिएको आरोपमा कारबाही भइरहेको बताएको थियो ।



मोहम्मदीले यसै महिनाको सुरुआतमा तेहरानमा ट्रायल सत्रमा भाग लिन अस्वीकार गर्नुभएको थियो र मार्चमा कारागारबाट अडियो सन्देश साझा गर्दै इरानमा ‘महिलाविरुद्ध पूर्णस्तरको युद्ध’ को निन्दा गर्नुभएको थियो । हालैका महिनाहरूमा इरानी प्रहरीले महिलाका लागि मुलुकको इस्लामिक ड्रेस कोडको कार्यान्वयनलाई तीव्र बनाएको छ र विशेषगरी भिडियो निगरानीको प्रयोग गरिरहेको छ । सन् १९७९ को इस्लामिक क्रान्ति लगत्तै अपनाइएको नियमअन्तर्गत इरानमा महिलाहरूले सार्वजनिक स्थानमा आफ्नो कपाल ढाक्न र शालीन कपडा पहिरिन आवश्यक छ ।

# राजस्व र व्ययको वार्षिक अनुमानमाथि छलफल सुरु




विराटनगर । कोशी प्रदेशसभाको मंगलबारको बैठकमा आर्थिक वर्ष २०८१/८२ को राजस्व र व्ययको वार्षिक अनुमानमाथि छलफल प्रारम्भ भएको छ । प्रदेशसभा नियमावली, २०७४ को नियम ११५(२) बमोजिम यही असार १ गते आर्थिक मामिला तथा योजनामन्त्री रामबहादुर मगरले राजस्व र व्ययको वार्षिक अनुमान सदनमा पेस गर्नुभएको थियो ।

छलफल प्रारम्भ हुनुअघि मन्त्री मगरले सङ्घीय सरकारबाट प्राप्त हुने ससर्त अनुदान कम हुने भएकाले प्रदेशको बजेटमा सङ्कुचन आएको जानकारी दिनुभयो । उहाँले बजेटमा स्रोतहरुको कमी भए पनि आन्तरिक राजस्व र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम बढिरहेको जानकारी दिँदै प्रदेश सरकारले प्रशासनिक खर्च घटाउने बताउनुभयो ।

मन्त्री मगरले कृषिमा आमूल परिवर्तन गर्न अनुदान हटाई कृषिको व्यवसायिकीकरण तथा यान्त्रिकीकरण गर्न वित्तीय संस्थाबाट लिइने ऋणको ब्याज प्रदेश सरकारले व्यहोर्ने भन्दै आगामी आर्थिक वर्षमा अन्तर्राष्ट्रिय चिया सम्मेलन गर्ने तथा १०औं राष्ट्रिय खेलकुदका निम्ति खेल र खेलाडीको मनोबल बढाउन बजेट विनियोजन गरेको जानकारी दिनुभयो । उहाँले यातायात क्षेत्र प्रदेशको आम्दानीको ठूलो स्रोत भएकाले यसलाई व्यवस्थित गर्नुपर्नेमा जोड दिनुभयो ।

राजस्व र व्ययको वार्षिक अनुमानमाथिको छलफलमा भाग लिँदै प्रदेशसभा सदस्य रेवतीरमण भण्डारीले बजेट यथार्थपरक तथा सन्तुलित रहेको चर्चा गर्दै सरकार स्रोतको चापमा परे पनि सामाजिक न्याय, कृषि, खानेपानी तथा सिँचाइका निम्ति योजना कार्यान्वयन गर्न सक्नेगरी प्रस्तुत भएको बताउनुभयो ।

सभाका अर्का सदस्य गोम्बु शेर्पाले आन्तरिक आय वृद्धि नभएकामा चिन्ता व्यक्त गर्दै सरकारले चालु खर्चभन्दा पुँजीगत खर्च बढाउनु सुखद पक्ष हो भन्नुभयो । त्यसैगरी, अर्का सदस्य रमेशकुमार बस्नेतले आगामी आर्थिक वर्षको बजेट सङ्घीयताको मर्मअनुरुप समयानुकूल भएको बताउनुभयो । प्रदेशसभा सदस्य शोभा चेम्जोङले चालु खर्च घटाई पुँजीगत खर्च बढाउनेतर्फ सरकार लाग्नुपर्ने सुझाव दिँदै किसानलाई अनुदान दिन माग गर्नुभयो । अर्का सदस्य भूपेन्द्र राईले जनताका आवश्यकता बजेटले सम्बोधन नगरेको टिप्पणी गर्नुभयो ।

त्यसैगरी, अर्का सदस्य गोपाल तामाङले बजेटसँगै रातो पुस्तक पनि प्रदेशसभा सदस्यका हातमा आउनुपर्नेमा त्यसअघि नै सामाजिक सञ्जालबाट सार्वजनिक गर्नु दुःखद भएको टिप्पणी गर्नुभयो । अर्का सदस्य एवं कोशी प्रदेशका पूर्वमुख्यमन्त्री राजेन्द्रकुमार राईले सरकारको पुँजीगत खर्च कमजोर रहेकामा चिन्ता व्यक्त गर्दै फजुलखर्च घटाउन समिति गठन गर्नुपर्ने सुझाव दिनुभयो ।त्यसअघि शून्य समयमा प्रदेशसभा सदस्यहरु तारादेवी ढकाल, रामदेव यादव, भूमिप्रसाद राजवंशी, रामप्रसाद महतो, मीना श्रेष्ठ, सविना बजगाईं, उमाकान्त गौतम र गोपालबहादुर विश्वकर्माले मुलुकको समसामयिक अवस्थाबारे मन्तव्य व्यक्त गर्नुभएको थियो ।रासस

## ६० मेगावाटको कुलेखानीमा २० मेगावाट मात्र उत्पादन



हेटौँडा । मकवानपुरको इन्द्रसरोवरमा रहेको कुलेखानी जलासयको सतह घटेपछि ६० मेगावाट उत्पादन क्षमताको आयोजनाले २० मेगावाट मात्र विद्युत् उत्पादन गरिरहेको छ । कुलेखानी प्रथम जलविद्युत् केन्द्रका अनुसार पानीको सतह घटेकाले दुई दिनदेखि उत्पादन घटेको हो ।

कुलेखानी प्रथम जलविद्युत् केन्द्रका प्रमुख तारादत्त भट्टका अनुसार एक हजार पाँच सय ३० मिटर गहिराईको पानीमा संचालन हुने कुलेखानी जलासयको सतह घटेर एक हजार चार सय ८५ मिटर पुगेपछि अत्यावश्यक समयमा मात्र आयोजनाले उत्पादन गरिरहेको छ । पछिल्लो समय पानी नपरेकाले जलविद्युत्को महत्वपूर्ण 'ब्याकअप' आयोजना मानिने कुलेखानीमा पानीको सतह घटेको प्रमुख भट्टले जानकारी दिनुभयो । विशेष गरी नदीको पानी कम हुँदा विद्युत् आपूर्ति सन्तुलन गर्न र विद्युत् अधिक माग भएको समयमा तथा भोल्टेज तलमाथी हुँदा विद्युत् वितरण प्रणाली व्यवस्थित गर्न कुलेखानी जलविद्युत् आयोजना प्रयोग गरिन्छ ।

समुद्री सतहबाट एक हजार चार सय ८३ मिटरसम्म पानी पुगेपछि बिजुली उत्पादन गर्न नमिल्ने उहाँको भनाइ छ । पछिल्लो समयमा कुलेखानी जलविद्युत् आयोजना नियमित चलाउनुपरेको र पानी नपरेका कारण इन्द्रसरोवरमा पानीको सतह घटेको उहाँले जानकारी दिनुभयो । प्रमुख भट्टका अनुसार सोमबारसम्म एक हजार चार सय ८४ दशमलव ९८ मिटरसम्म मापन गरिएको थियो । गए राती पानी परेपछि आज बिहान थप पानी जम्मा भएको छ । उहाँका अनुसार विसं २०५८ पछि यसवर्ष पानीको सतह धेरै घटेको हो । कुलेखानीबाट आपतकालीन् समयमा मात्रै बिजुली उत्पादन गरिने उहाँको भनाइ छ ।रासस

## नेप्से परिसूचक १८ दशमलव ७६ अङ्कले घट्यो

काठमाण्डु । नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा १८ दशमलव ७६ अङ्कको गिरावट देखिएको छ । मंगलबार नेप्से परिसूचक शून्य दशमलव ८९ प्रतिशतले घटेर दुई हजार ७६ दशमलव ४९ को बिन्दुमा कायम भएको हो ।

परिसूचक सँगै कारोबार रकम पनि खुम्चिएको छ । मंगलबार तीन सय



१८ कम्पनीका ९५ लाख ४४ हजार सात सय ३४ कित्ता शेयर ५८ हजार एक सय १९ पटक खरिदबिक्री हुँदा रु चार अर्ब पाँच करोड ५७ लाख ३७ हजार आठ सय ८४ बराबरको कारोबार भएको छ ।

मंगलबारको कारोबारमा सबै समूहको उपसूचक रातो देखिएको छ । बैंकिङ एक दशमलव १६, विकास बैंक शून्य दशमलव ८७, वित्त एक दशमलव शुन्य चार, होटल तथा पर्यटन शून्य दशमलव ७२, जलविद्युत् शून्य दशमलव ८७ र लगानी समूहको उपसूचक शून्य दशमलव ८२ प्रतिशतले घटेको छ ।त्यस्तै जीवन बीमा समूह शून्य दशमलव ९८, उत्पादन तथा प्रशोधन समूह शून्य दशमलव ५२, लघुवित्त शून्य दशमलव ६४ र म्युचुअल फन्ड शून्य दशमलव ७२ प्रतिशतले घटेको छ । निर्जीवन बीमा शून्य दशमलव ८३, व्यापार शून्य दशमलव ६३ र अन्य समूह शून्य दशमलव ७७ प्रतिशतले घटेको छ ।


मंगलबार समाज लघुवित्त वित्तीय संस्था लिमिटेडको शेयर मूल्यमा सकारात्मक सर्किट लाग्दा मनकामना स्मार्ट लघुवित्त वित्तीय संस्था लिमिटेड र कुथेली बुखारी स्मल हाइड्रोपावर लिमिटेडको शेयर मूल्यमा भने नकारात्मक सर्किट लागेको छ ।कारोबार रकम र कारोबार भएका शेयर संख्याका आधारमा मंगलबार सबैभन्दा धेरै बरुण हाइड्रोपावर कम्पनी लिमिटेडको रु ११ करोड २७ लाख ९८ हजार सात सय ८२ बराबरका तीन लाख ६२ हजार एक सय २४ कित्ता शेयर किनबेच भएका छन् ।रासस

## आफ्नै च्वाइसको मोबाइन नम्बर लिएर रहनुहोस 'सधैंअन': एनसेल

**टुडे समाचारदाता**

काठमाण्डु । तपाईंलाई मनपर्ने कुनै नम्बर तपाईंका आफ्नै मोबाइल नम्बर बनेके होला ? एक विशेष नम्बर जसले तपाईंलाई दूरसञ्चार सेवामा पहुँच मात्र दिदैन बरु तपाईंको जीवनको कुनै महत्वपूर्ण दिन वा मिठो सम्झनाको प्रतिविम्ब पनि बन्छ । ग्राहकहरुको यही ईच्छालाई परिपुर्ति गर्न एनसेलले 'मेरो नम्बर, मेरै च्वाइस 'योजना संचालनमा ल्याएको छ ।

यस योजना अन्तर्गत, ९७०५ रेन्जबाट मोबाइल नम्बर छनोट गर्नको लागि ९ लाख बढी मोबाइल नम्बरहरू उपलब्ध




रहेका छन् । एनसेलले फस्टकम, फस्टसर्भ बेसिसमा उपलब्ध नम्बरहरु वितरण गर्नेछ । यो सिम एनसेल ले हाल संचालन गरिरहेको 'सधैंअन'प्लान अन्तर्गत रु ५९९ देखि रु १,४९९ सम्मको प्लानमा बन्डल सेवाका रुपमा उपलब्ध गराउनेछ ।

सधैं अन योजनाका प्लानहरु अन्तर्गत ग्राहकहरूले भ्वाइस, डेटा, निःशुल्क सामाजिक सञ्जाल डेटा र एसएमएस सेवा पाउँछन् । ८१२३३ डायल गेरर 'सधैंअन' प्लानहरू सुचारु गर्न सकिन्छ । बुकिङ गरिएको सिम ग्राहकले देशभर फैलिएका एनसेलका ३२ वटा एनसेल सेन्टरहरूमध्ये कुनैपनि सेन्टरमा गई लिन सक्नेछन् । काठमाडौ उपत्यकाको हकमा उपाय कार्गो सेवा मार्फत होम डेलिभरी गराएर पनि यो सिम लिन सकिन्छ । बुकिङ्ग राएको नम्बर ७ दिनभित्र नलिएको खण्डमा सो नम्बर बुकिङको सुचिबाट स्वत हट्नेछ र सो नम्बर अरु ग्राहकले पनि लिन सक्नेछन् । एनसेलको' मेरो नम्बर, मैरै च्वाइस' योजना अन्तर्गत ग्राहकहरूले नम्बर मात्र रोज्दैनन्, उनीहरुले आफ्नो विशेष सम्झनाको एक सिम अर्थात नम्बर सधैं आफ्नो साथ बोक्ने छन्।

## एघार महिनामा सात अर्ब राजस्व सङ्कलन

अत्तरिया । कैलाली भन्सार कार्यालय धनगढीले ११ महिनामा रु सात अर्ब ३२ करोड १४ लाख राजस्व सङ्कलन गरेको छ । भन्सार कार्यालयले चालु आव २०८०/८१ को साउनदेखि जेठ मसान्तसम्म उक्त राजस्व सङ्कलन गरेको हो ।

कार्यालयले सो अवधिमा भन्सार महसुलतर्फ रु दुई अर्ब ७७ करोड ५८ लाख, मूल्य अभिवृद्धि करतर्फ रु दुई अर्ब ९५ करोड ५२ लाख, अन्तःशुल्कतर्फ रु १८ करोड ९५ लाख र अन्यतर्फ रु एक अर्ब ४० करोड आठ लाख राजस्व सङ्कलन भएको कैलाली भन्सार कार्यालयका सूचना अधिकारी पवित्रकुमार खड्काले जानकारी दिनुभयो ।

चालु आवमा भन्सार कार्यालयको रु ११ अर्ब ५८ करोड २४ लाख राजस्व सङ्कलनको वार्षिक लक्ष्य रहेकामा ११ महिनामा सङ्कलन भएको राजस्व वार्षिक लक्ष्यको ६३ दशमलव २१ प्रतिशत रहेको उहाँले जानकारी दिनुभयो ।सूचना अधिकारी खड्काका अनुसार चालु आवको साउनमा रु ४६ करोड ८२ लाख, भदौमा रु ५१ करोड ९३ लाख, असोजमा रु ६३ करोड १४ लाख, कात्तिकमा रु ६१ करोड ४६ लाख, मङ्सिरमा रु ७३ करोड ३४ लाख र पुसमा रु ६८ करोड ९० लाख राजस्व सङ्कलन भएको छ ।

त्यस्तै, माघमा रु ६६ करोड ६७ लाख, फागुनमा रु ६९ करोड एक लाख, चैतमा रु ७२ करोड १३ लाख, वैशाखमा रु ७५ करोड १७ लाख र जेठमा रु ८३ करोड ५३ लाख राजस्व सङ्कलन भएको उहाँले जानकारी दिनुभयो ।"आयातमा वृद्धि हुन सकेको छैन, निर्यात नगन्य मात्रामा हुन्छ, पूँजीगत खर्च कम छ", सूचना अधिकारी खड्काले भन्नुभयो, "बढी राजस्व सङ्कलन हुने वस्तुको आयातमा कमी छ, जसले गर्दा राजस्व सङ्कलन लक्ष्यमा पुग्न सकिरहेको छैन, अब एक महिना मात्रै बाँकी छ, राजस्व सङ्कलन लक्ष्यमा पुग्ने सम्भावना न्यून छ ।"रासस


मधेश प्रदेश सरकार
उर्जा, सिँचाई तथा खानेपानी मन्त्रालय
जनकपुरधाम, धनुषा

**क्याटलग /ब्रोसर सपिङ्ग विधिबाट सवारी साधन खरीद सम्बन्धी सिलबन्दी प्रस्ताव आव्हानको सूचना**

प्रथम पटक प्रकाशितमिति : २०८१।०३।०५ गते

यस कार्यालयको आ.व. २०८०/०८१ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार देहाय बमोजिमको सवारी साधन सार्वजनिक खरिद ऐन, २०६३, (पहिलो सँशोधन सहित) को दफा ८ को उपदफा १(क) ८ तथा सार्वजनिक खरिद नियमावली २०६४ (तेह्रौं संशोधन सहित) को नियम ३१ ख बमोजिम क्याटलग सपिङ्ग विधिबाट खरीद गर्नुपर्ने भएकोले सार्वजनिक खरीद नियमावली २०६४ को नियम ३१ (ख) को उपनियम २ अनुसार देहाय बमोजिमको सवारी साधनको उत्पादनको अधिकारीक स्पेशिफिकेशन, गुणस्तर र कम्पनीको अधिकारीक मूल्य खुल्ने कागजात क्याटलग/ब्रोसर संलग्न राखी तपसिलमा उल्लेखित भए बमोजिमको प्रस्ताव दर्ता गराउनु हुन उत्पादक वा अधिकारीक बिक्रेताको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

१. उक्त कागजात लिनका लागि इच्छुक सवारी साधन उत्पादक कम्पनी वा सो को नेपालकालागि अधिकारीक बिक्रेताले उक्त सवारी साधन बिक्री वितरण गर्न नेपाल सरकारको सम्बन्धीत निकायबाट प्राप्त भएको अनुमति पत्र, सो को अद्यावधिक नवीकरण भएको पत्र, स्थायी लेखा नम्बर तथा मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व.२०७९/०८० सम्मको कर चुक्ता गरेको प्रमाणित कागजात, उक्त सवारी साधन सप्लाई गरेको हालसम्मको विस्तृत विवरण, सम्बन्धीत कार्य अनुभवको प्रमाणपत्र सहित यो सूचना प्रकाशित भएको मितिले ८ (आठ) औं दिन ११:०० बजे सम्म यस कार्यालयमा पेश हुन आएका प्रस्तावहरु खोलिने छ ।
२. साथै सुचिकृत नभएका उत्पादन वा अधिकारीक बिक्रेता कम्पनीहरुले सूचिकृत गराई उक्त सिलबन्दी प्रस्ताव पेश गर्न सकिने व्यहोरा समेत जानकारी गराइन्छ ।
३. पेश गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा लगतै कार्यालय खुलेको दिन पेश गर्न सकिनेछ ।
४. सवारी साधन आर्थिक वर्ष समाप्त हुनु अगावै उपलब्ध गराउनु पर्नेछ ।
५. सिलबन्दी प्रस्ताव स्वीकृत/अस्वीकृत वा स्थगित गर्ने लगायत अन्य सबै कुराको अधिकार कार्यालयमा निहित रहनेछ ।
६. थप जानकारीको लागि ९८५४०२७२५६ मा सम्पर्क गर्न सकिनेछ ।

| सि.नं. | सवारी साधनको नाम | संक्षिप्त विवरण | कैफियत |
|---|---|---|---|
| १ | 4WD Double Cab Pickup | Double Cab Pickup, Right Hand Drive, Model with Four Wheel drive suitable for driving both in ON- ROAD condition of Nepal . Gross vehicle weight (GVW) shall not be less than 3100 kg and shall have total seating capacity for at least 5 persons including driver .Water cooled diesel Engine, displacement not less than 2100cc developing rated Power not less than130 PS and Torque not less than 300 N-m at governed RPM | संक्षिप्त विवरणमा उल्लेख नभएका कुराहरु स्वीकृत Technical Specification बमोजिम हुनेछ । |

प्रदेश सचिव



सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको

**धितो रहेको चल/अचल सम्पत्ति लिलाम बिक्रीको १५ (पन्ध्र) दिने सूचना**

प्रकाशित मिति: २०८१/०३/०५

यस सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको (साविक सहयोगी विकास बैंक लि.) शाखा कार्यालय जलेश्वर, महोत्तरीबाट तपसिलमा उल्लेखित तपाई ऋणीले विभिन्न कर्जा शिर्षक अन्तर्गत लिएको ऋणकर्जा तथा बैंकिङ्ग सुविधाहरुको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने सावाँ, ब्याज समेत चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवम् मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरेकोले मिति वि.सं. २०८०/११/०२ मा नेपाल समाचारपत्र राष्ट्रिय दैनिक पत्रिकामा ऋणकर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धमा ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरी ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरु समेतलाई सूचित गर्दा समेत कर्जाको सावाँ, ब्याज समेत चुक्ता भुक्तानी गर्ने तर्फ कुनै चासो नदेखाएकाले सुरक्षण बापत बैंकको नाममा धितोबन्धक लेखिदिएको तपसिलमा उल्लेखित अचल सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा लिलाम बिक्री गरिने भएकोले सर्वसाधारणको जानकारीको लागि यो १५ (पन्ध्र) दिने लिलाम बिक्री सम्बन्धी सार्वजनिक सूचना प्रकाशित गरी गोप्य शिलबन्दी बोलपत्र (टेण्डर) को आव्हान गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले १६ (सोह्र) औं दिनमा सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको शाखा कार्यालय जलेश्वर, महोत्तरीमा दिउँसो ४:०० बजे गोप्य शिलबन्दी बोलपत्र (टेण्डर) खोलिनेछ । सो अवधिमा इच्छुक महानुभावहरुले गोप्य शिलबन्दी बोलपत्रद्वारा आफूले बोलकबोल गर्ने रकम सहित तपसिलमा उल्लेखित शर्त बमोजिम बोलपत्र फारम बुझाउन समेत अनुरोध गरिन्छ । सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम बिक्री गर्दा पनि बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंकिङ्ग कसुर तथा सजायका सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०६४, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ र सो को नियमावली, २०५९ अनुसार ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरुको अन्य चल/अचल सम्पत्तिबाट धितोले नखामेको बक्यौता कर्जा रकम असुल उपरका लागि ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गरिने व्यहोरा ऋणी, व्यक्तिगत जमानीकर्ताहरु तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ । साथै यस सूचना बमोजिम लिलाम बिक्री हुन नसकेको धितो सम्पत्तिहरु बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ५७ बमोजिम बैंकले आफै सकार गरी लिन सक्ने व्यहोरा समेत जानकारी गराईएको छ ।

**तपसिल**

**कर्जा शिर्षक : सिटिजन्स अधिविकर्ष कर्जा**

**ऋणी फर्मको नाम : जय माता दी कोल्ड स्टोर्स**
रजिष्ट्रेशन नं. : ३८३२/०७/०७३-०७४ (नेपाल सरकार, वाणिज्य तथा आपुर्ति मन्त्रालय, वाणिज्य विभाग, घरेलु तथा साना उधोग कार्यालय, महोत्तरी)
रजिष्टर्ड ठेगाना : जलेश्वर-५, महोत्तरी
पान नं. : ६०६०७६०९२

| फर्मको प्रोप्राईटर र जमानीकर्ताको नाम र ठेगाना | जमानीकर्ताहरुको नाम र ठेगाना |
|---|---|
| नाम : मिरा कुमारी<br>बाबु : हरिहर पान्डे<br>ससुरा : पुण्यदेव ठाकुर<br>पति : नरेन्द्र ठाकुर<br>ठेगाना : वनौलीदनौली-८, महोत्तरी<br>हालको ठेगाना : पिपरा गा.पा.-०७, महोत्तरी<br>ना.प्र.नं. : १९०/०५७/०५८<br>जारी मिति : २०५७/०७/२७<br>जि.प्र.का. : महोत्तरी | १. नाम : नरेन्द्र ठाकुर<br>बाबु : पुण्यदेव ठाकुर<br>बाजे : विन्देश्वर ठाकुर<br>ठेगाना : वनौली दनौली -२, महोत्तरी<br>हालको ठेगाना: पिपरा गा.पा.-०७, महोत्तरी<br>ना.प्र.नं. : ०७२३२३१५<br>जारी मिति : २०४९/१०/०८<br>जि.प्र.का. : महोत्तरी |
| २. नाम : अवधेश देवी<br>बाबु : अनुप तिवारी<br>पति : विरेन्द्र कुमार ठाकुर<br>ससुरा : पुण्यदेव ठाकुर<br>ठेगाना : वनौली दनौली -२, महोत्तरी<br>हालको ठेगाना: पिपरा गा.पा.-०७, महोत्तरी<br>ना.प्र.नं. : ०४३३३२८१<br>जारी मिति : २०६२/०२/२०<br>जि.प्र.का. : महोत्तरी | ३. नाम : विरेन्द्र कुमार ठाकुर<br>बाबु : पुण्यदेव ठाकुर<br>बाजे : विन्देश्वर ठाकुर<br>ठेगाना : वनौली दनौली -२, महोत्तरी<br>हालको ठेगाना : पिपरा गा.पा.-०७, महोत्तरी<br>ना.प्र.नं. : ०७२३१७३५<br>जारी मिति : २०४३/१०/०८<br>जि.प्र.का. : महोत्तरी |

**धितो राखिएको सम्पत्तिको विवरण:**

| सि.नं | जिल्ला | न.पा./गा.वि.स. | वडा नं./ नक्सा सिट नं. | कि.नं. | क्षेत्रफल (बि.क.धु) | धितो सुरक्षण धनीको नाम | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १. | महोत्तरी | बनौली | २ | ५६६ | ०-०-१० | मिरा कुमारी | सो जग्गामा निर्माण भएको तथा पछि भविष्यमा निर्माण हुने सम्पूर्ण भवनहरु तथा सो को लिग लगापात समेत । |
| २. | महोत्तरी | बनौली | २ | ५६५ | ०-०-१० | अवधेश देवी | |

**धितो लेखिदिने तथा व्यक्तिगत जमानत दिनेलाई सूचना**

उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै सूचनाको म्यादभित्र शीघ्र कर्जा भुक्तानी गरी गराई आफ्नो सम्पत्ति उचित संरक्षण गर्नु हुन समेत यसै सूचनाबाट अनुरोध गरिएको छ, तोकिएको दिन धितो लिलाम बिक्रीको कार्य हुने भएकोले लिलाम हुँदाका दिन लिलामबाट कायम हुने धितो मूल्य घटी वा बढी हुने प्रक्रियामा समेत धितो धनीहरुलाई उपस्थित हुन सूचित गरिएको छ । धितो लेखिदिएको सम्पत्ति लिलाम बिक्री गरी वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मूल्याङ्कनभन्दा कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरी लिएमा पछि मेरो/हाम्रो सम्पतिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरी लियो भनी कही कतै उजुर गर्न पाउनु हुने छैन ।

**लिलाम बिक्रीको बारेमा जानकारी एवं शर्तहरु :**

१. गोप्य शिलबन्दी बोलपत्र दाताले आफूले कबुल गरेको जम्मा रकमको १० (दश) प्रतिशतले हुने रकम धरौटी बापत यस बैंकको नाममा खिचिएको कुनै पनि वाणिज्य बैंकको सक्कलै ड्राफ्ट/गुडफरपेमेन्ट चेक/नगद जम्मा भौचर समेत बोलपत्र साथ संलग्न गर्नुपर्ने छ ।
२. बोलकबोल फारम भर्दा सबैभन्दा बढी रकम कबोल गर्ने व्यक्तिलाई अचल सम्पत्ति दिने वा नदिने सम्पूर्ण अधिकार यस बैंकमा सुरक्षित रहनेछ ।
३. लिलाम सकार गर्ने व्यक्तिले बाँकी रकम बैकले भुक्तानी माग गरेको मितिले ७ दिन भित्रमा सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडमा नबुझाए धरौटी बापत रहेको १० प्रतिशत रकम स्वतः जफत हुनेछ ।
४. लिलाम बिक्री भएको अचल सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा सकार गर्नु पर्नेछ ।
५. तोकिएको लिलामी खोल्ने दिन बिदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिन गोप्य शिलबन्दी लिलाम खोलिनेछ ।
६. लिलाम गर्दा गर्दै नभ्याएमा त्यसको भोलिपल्ट (सरकारी बिदा बाहेक) पुनः लिलामी खोल्ने कार्य हुनेछ ।
७. बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन २०७३ को दफा ५७ को उपदफा ७ का अनुसार लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा बोलकबोल गरेको रकम सहभागी बैंकहरुलाई चित्त बुझ्दो नभएमा यस बैंकले उक्त सम्पत्तिको स्वामित्व आफूमा लिन सक्नेछ ।
८. उक्त लिलाममा राखेको अचल सम्पत्ति दा.खा रजिष्ट्रेशन गर्दा लाग्ने नेपाल सरकारको दस्तुर, अन्य कर तथा शुल्क, सम्पत्ति कर आदि सकार गर्ने व्यक्ति आफैले तिर्नु पर्नेछ ।
९. लिलाम बिक्री हुने अचल सम्पत्तिको सम्बन्धित कागजातहरु हेर्न वा अन्य थप जानकारी लिन चाहनुहुने महानुभावहरुले सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको प्रधान कार्यालय नारायणहिटी पथ वा शाखा कार्यालय जलेश्वर, महोत्तरीमा कार्यालय समयभित्र सम्पर्क राख्न सक्नु हुनेछ ।

**लिलाम खोलिने मिति :- २०८१/०३/२० गते, बिहिबार ।**
**समय :- दिउँसो ४:०० बजे**
**स्थान :- सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको शाखा कार्यालय जलेश्वर, महोत्तरी ।**

Citizens Bank

**मुख्य कार्यालय:**
पो. ब. १९६८१, नारायणहिटी पथ, काठमाडौं, नेपाल,
फोन: ९७७ १ ४५२७८४२/४३/२४ फ्याक्स: ९७७ १ ४५२७०४४
इमेल: info@ctznbank.com, SWIFT: CTZNNPKA
कल सेन्टर: support@ctznb ank.com, ०१-५९७००६८

# विपद् व्यवस्थापनका कार्यक्रम सञ्चालन गर्न मुख्यमन्त्रीको आग्रह

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेशका मुख्यमन्त्री सतीशकुमार सिंहले विपद् व्यवस्थापन सम्बन्धी कार्यक्रमहरू विद्यालय स्तरबाट सञ्चालन गर्न आग्रह गरेका छन् ।




जनकपुरधाममा मंगलबार आयोजित मनसुन पूर्वतयारी तथा प्रतिकार्य योजना २०८१ कार्यशाला तथा अन्तरक्रिया कार्यक्रममा मुख्यमन्त्री सिंहले विपद् व्यवस्थापन सम्बन्धी कुनै पनि तालिम वा कार्यक्रम युवाहरूलाई दिन आवश्यक रहेकाले विद्यालयस्तरबाट सुचारु गर्न आग्रह गरे ।

उनले यसअघि भएका विभिन्न तालिममा सहभागी बुढापाखाहरुलाई मात्र देखेका कारण आगामी दिनमा विपद्का तालिममा युवाहरूलाई सहभागी गराउन आग्रह गरे । विद्यालय स्तरका बालबालिका भोलिको भविष्य निर्धारण गर्ने हुँदा तालिम दिँदा विद्यालयस्तरका बालबालिकालाई सहभागी गराउन आवश्यक रहको बताए ।

मुख्यमन्त्री सिंहले भने, 'विगतमा काम विपद्का तालिममा जहिले पनि ६० वर्ष उमेर पार भएका नागरिकहरू मात्र देखा परेका थिए तर, अब त्यस्तो नहोस्, यो तालिम हाम्रो लगानी हो, यसले जोखिमबाट बचाउँछ । त्यसकारण विद्यालय स्तरबाट जानुपर्छ ।'

उनले आफू गाउँपालिका अध्यक्ष हुँदाको अनुभव सुनाउँदै विगतमा गैर सरकारी संघसस्थाको भरमा विपद् व्यवस्थापन प्रतिकार्यका कार्यक्रम हुँदै आएको मधेश प्रदेशमा आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम गैर सरकारी तथा अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाहरूका लागि समेत बाटो खुला गरेको बताए ।

मधेशमा हुने विपद्हरू मध्ये आगलागी बढी हुने गरेका छन्, नेपाल सरकारसंग भूकम्पका कारण क्षति भएका घर बनाउने नियम छ । तर आगलागीबाट ध्वस्त तथा क्षति भएका घरहरू बनाउने नियम नेपाल सरकारसंग नहुँदा मधेशका आगलागी पीडित झन् पीडामा परेको मुख्यमन्त्रीले बताए ।

विपद्मा परेकाहरूलाई सहयोग गर्न कानुन पनि बाँधक बन्ने हुँदा सो सम्बन्धी कानुनका बाधालाई फुकाउन आवश्यक रहेको भन्दै मुख्यमन्त्री सिंहले विपद् जोखिम न्यूनीकरणकामा अग्नि तथा बाढी पीडित घरपरिवारका लागि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रममा बीमा गर्ने योजना बनाएको बताए ।

मुख्यमन्त्री सिंहले तराई मधेशमा जाडोमा शीतलहर र अत्यधिक जाडो, गर्मीमा लु रोग तथा आगलागी र वर्षातमा चट्यांग तथा बाढी जस्ता समस्याले सधैँभरी सताइरहेको बताउँदै यस्ता विपद्लाई न्यूनीकारण गर्न संघ सरबारबाट बाझिएको कानुनलाई फुकाउन आवश्यक रहेको बताए ।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा प्राविधिक व्यवस्थापनका उपसचिव तथा प्रवक्ता डा. डिजन भट्टराईले विपद् जोखिम न्यूनीकरणमा प्रदेशको भूमिका महत्वपूर्ण रहेको बताए ।

मधेश प्रदेश सरकारको गृह, सञ्चार तथा कानुन मन्त्रालयका आयोजना तथा सोही मन्त्रालयका सचिव विदेन्द्रकुमार यादवलेका अध्यक्षतामा आयोजित सो कार्यक्रमलाई ह्याविटेट फर हयुमानिटी नेपाल, रेडक्रस नेपाल डिपी नेट नेपाल, नेशनल हाउजिंग रिकभरी एण्डा सेटलमेन्ट रिसाइलेन्स प्लेटफर्म (एनएजएसआरपी) तथा सामुदायिक विकास तथा पैरवी मञ्च नेपाल( सिडिएएफपिएन) सहकार्य तथा समन्वयकारी भूमिका निर्वाह गरेका थिए ।

उक्त कार्यक्रममा विभिन्न संघसंस्थाका पदाधिकारी स्थानीय तहका जनप्रतिनिधि, सुरक्षा निकायका प्रतिनिधि लगायतको उपस्थिति रहेको थियो ।

# बालबालिका खोजतलासको कार्य तीव्र बनाउन निर्देशन

"मुख्य विषय हराएका बालबालिकाको खोजी गर्नु नै हो । थुप्रै बालबालिका अहिले पनि हराइरहेका छन् । ती बालबालिकाको अबस्था के छ ?," मन्त्री चौधरीले भनिन्, "ती बालबालिका कहाँ कुन अबस्थामा छन् ? तीनको पनि खोजी गर्नुस् । बालबलिकाको खोजतालसको कार्य अझै बढाउनुस् । बालबालिकाको खोजी नै हाम्रो पहिलो प्राथमिकता हो ।"

**टुडे समाचारदाता**

जनकपुरधाम । महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्री भगवती चौधरीले बालबालिकाको खोजतलासको कार्यलाई अझ तीव्र बनाउन निर्देशन दिएकी छन् ।



जनकपुरधाममा मंगलबार राष्ट्रिय बालअधिकार परिषदले बालबालिका खोजतलास (१०४) का सम्बन्धमा मधेश प्रदेशका सुरक्षा निकायका प्रतिनिधिहरुका लागि आयोजना गरेको गोष्ठीमा बोल्दै मन्त्री चौधरीले बालबालिकाको खोजतलासलाई तीव्र बनाउन गम्भीर हुन निर्देशन दिइन् ।

मन्त्री चौधरीले भनिन्, 'मुख्य विषय हराएका बालबालिकाको खोजी गर्नु नै हो । थुप्रै बालबालिका अहिले पनि हराइरहेका छन् । ती बालबालिकाको अबस्था के छ ?," मन्त्री चौधरीले भनिन्, 'ती बालबालिका कहाँ कुन अबस्थामा छन् ? तीनको पनि खोजी गर्नुस् । बालबलिकाको खोजतालसको कार्य अझै बढाउनुस् । बालबालिकाको खोजी नै हाम्रो पहिलो प्राथमिकता हो ।'

अहिलेको आँकडाअनुसार सबैभन्दा धेरै मधेश प्रदेशमा बालबालिका हराउने गरेको भन्दै उनले छ हजार बालबालिका हराएकामध्ये छ हजार दुई सय जना मात्रै फेला परेको बताइन् । पछिल्लो ११ महिनामा मात्रै एक हजार तीन सय २८ बालबालिका हराएको र त्यसमध्ये नौ सय ९३ जना मात्रै फेला परेको उनले बताइन् ।

मधेश प्रदेश बढी संवेदनशील क्षेत्र भएकाले त्यसमा बढी ध्यान दिन मन्त्री चौधरीले निर्देशन दिइन् । विगतमा हराएका बालबालिकाहरु मध्ये ६०/७० प्रतिशत भेटिएको बताउँदै उनले यी घटनालाई कम गर्नका लागि अझै धेरै खोजतालसको काम गर्न आवश्यक रहेको बताइन् ।

मन्त्रालयले प्रधानमन्त्री छोरी आत्मनिर्भर कार्यक्रम ल्याएकाले संघ, प्रदेश र स्थानीय तह मिलेमा कार्यान्वयन हुने उनको भनाइ छ । उनले भनिन्, 'छोरीलाई आत्मनिर्भर बनाउन आवश्यक छ । उनीहरुलाई सीपमूलक कार्यक्रम चाहिन्छ । यो कुरामा हामीले एक भएर काम गर्न आवश्यक छ, किनभने आत्मनिर्भर नहुँदासम्म यस्ता खाले घटना, हिंसाहरु भइरहने छन् ।' नेपालमा अझै पनि बालबालिका केन्द्रित शिक्षण सिकाइ नभएको भन्दै उनले त्यसमा जोड दिन आवश्यक रहेको बताइन् ।

उनले बालगृह वा बालसुधार गृहमा के भइरहेको छ भन्ने कुराको अध्ययन, अनुगमन गर्नुपर्ने बताइन् । मन्त्री चौधरीले भनिन्, 'त्यहाँ बस्दै आएका बच्चा साँच्चिकै कस्तो अवस्थामा छन् भनेर अनुगमन निरिक्षण गर्न आवश्यक छ । बालगृहको नाममा कतै नराम्रो काम भइरहेको छ कि ? त्यसको कारण पत्ता लगाएर जान आवश्यक छ ।' बालबालिकासम्बन्धी ऐन २०६५, बालबालिका सम्बन्धी नियमावली २०७८, बाल न्याय सम्पादन कार्यविधि २०७६, बाल नीति २०८० पनि पारित भएको उनले बताइन् । पहिले जिल्ला जिल्लामा बाल कल्याण समिति थियो । तर अहिले त्यो स्थानीय तह वा प्रदेशमा गएको छ । अहिले त्यो नीति अनुसार सात सय ५३ वटै पालिकामा छुट्टै नीति बनाउनुपर्ने छ, तर बनाउन सकिएको छैन मन्त्री चौधरीले बताइन् ।

# सामान्य वर्षा हुँदा कटान



**टुडे समाचारदाता**

लहान । सामान्य वर्षात हुँदा बलान नदीले ठूलो क्षेत्रमा कटान गर्न थालेको छ। यसरी कटान हुन थालेपछि स्थानीयवासी चिन्तित हुन थालेका छन् । लहान नगरपालिका- २३ का बिल्टु यादवले भने, 'डेढ विघा जमिन नदीले काटन गरिसकेको छ ।'

सिराहा-सप्तरीको सिमाना रहेको बलान नदीले एक दशक यता सिराहाको पश्चिमी सिमानामा पर्ने लहान-२३ को तिलेबोना क्षेत्रमा तीव्र कटान गर्दै आएको छ ।

लहान नगरपालिकादेखि दक्षिणमा रहेको सखुवानानकरपट्टी-४ र ५, भगवानपुर गाउँपालिका-२ र ३ का गरी एक हजारभन्दा बढी विघा उर्वर जमिन काटेर नदी बगिरहेको स्थानीयवासी बताउँछन् ।

गत वर्षको कटानबाट जोगाउन आर्थिक वर्ष ०८०/०८१ मा लहान नगरपालिकाको ५० लाख रुपैयाँ र मधेश प्रदेश सरकारको ९० लाख रुपैयाँ गरी एक करोड ४० लाख रुपैयाँमा २०८ मिटर तटबन्ध निर्माण भएपछि उत्तरतर्फ सुरक्षित रहेको स्थानीय कपिलदेव यादवले बताए । उत्तर दक्षिण तटबन्ध भइसकेको र बीचमा १३० मिटर तटबन्ध गर्न बाँकी रहेको तिलेबोनामा आइतबार बिहान आएको सामान्य बाढीले गरेको कटान हेर्दा अबका दिनमा नदी पश्चिमतर्फबाट बग्ने सम्भावना बढेको स्थानीयको भनाइ छ ।

तेलेबोना गाउँका २२ परिवारको लगभग ६० विघा उर्वर जमिन काटेर बलान नदी बगिरहेको छ। त्यसको दीर्घकालीन समस्या समाधानको लागि बलान नदीलाई बिचबाट बग्ने गरी तटबन्ध गरियो भने काटिएको जमिन पनि जोगिने प्राविधिकहरूले सुझाव दिएका छन् ।

# मधेशी नेतामाथि मुद्दा किन लगाइएको भन्दै महन्थ ठाकुरको प्रश्न

**टुडे समाचारदाता**

काठमाण्डु । लोकतान्त्रिक समाजवादी पार्टी नेपालका अध्यक्ष महन्थ ठाकुरले मधेश आन्दोलनमा भाग लिएका नेताहरूमाथि मुद्दा लगाइएको प्रति सरकारलाई प्रश्न गरेका छन् ।



प्रतिनिधि सभा बैठकमा बोल्दै अध्यक्ष ठाकुरले मधेश आन्दोलनमा भाग लिएका नेताहरू पूर्व प्रदेश सांसद अभिराम शर्मा, जलेश्वर नगरपालिकाका पूर्व मेयर रामशंकर मिश्र, सुरेश पाण्डे, धर्मेन्द्र रायलाई महोत्तरी जिल्ला अदालतले आजिवन कैदको सजाय सुनाएको भन्दै यसप्रति असन्तुष्टि व्यक्त गरेका छन् ।

उनले पुराना पार्टीहरू हतियार उठाएरै आए पनि उनीहरू माथि कुनै मुद्दा नभएको बताए । माओवादीहरू जनयुद्धमा हतियार उठाएर आए पनि उनीहरु प्रति कुनै मुद्दा नभएको भन्दै अध्यक्ष ठाकुरले मधेशीमाथि किन मुद्दा लाग्यो भनि प्रश्न गरे ।

उनले नेपाल राज्यको इतिहास कहिल्यै शान्तिपूर्ण नरहेको भन्दै पछिल्ला घटनाहरू कुनै नयाँ घटना नभएका पनि बताए ।

# छ महिनामा एकै घरमा तीन पटक चोरी

**टुडे समाचारदाता**

राजविराज । मानव अधिकारको क्षेत्रमा काम गर्ने राजविराजका एक दम्पतीको घरमा छ महिना भित्र तीन पटक चोरीको घटना भएको छ ।



राजविराज नगरपालिका-९ का जंगबहादुर सिंह र आभा सेतु सिंहको घरमा छ महिना अन्तरालमा तीन पटक चोरी भएको छ । पछिल्लो पटक परिवार दम्पती घर बाहिर भएको बेला पटकपटक चोरी हुँदै आएको जनाएको छ ।

अधिकारकर्मी आभाले आफू काठमाण्डु र श्रीमान जंगबहादुर भारतको गोरखपुर गएको बेला सोमबार मध्यराति चोरले १ लाख रुपैयाँभन्दा बढीको सम्पति चोरेर लगेको बताइन् ।

मधेशी आयोगकी सदस्यसमेत रहेकी आभाले घरमा छोरा राजहंश एक्लै सुतिरहेका बेला चोरले ढोका फोडेर एक थान मोबाइल, ९६ हजार रुपैयाँ नगद राखिएको पर्स, घडीलगायतका सरसामग्री गरी १ लाख रुपैयाँ मूल्य बराबरको सम्पति लगेको बताइन् ।

गर्मीका कारण छतमा सुतेका राजहंश ढोका फोडेको आवाज सुनेर तल झर्दा चोर भागेको र तत्कालै प्रहरीलाई जानकारी गराएको थियो ।

सिंहको घरमा यस अघि २०८० साल पुस ६ गते १५ लाख रुपैयाँ मुल्य बराबरको सम्पति चोरी भएको थियो । त्यस्तै २०८१ साल वैशाख ३ गते २ लाख बराबरको धनमाल चोरी भएको थियो । पहिलो पटक चोरी हुँदा सिंह परिवार काम विशेषले काठमाण्डुमा थिए । घरमा कोही नभएको मौका छोपी चोरले ठूलो धनमाल लगेका थिए । तर पछिल्लो २ पटक घरमा मान्छे हुँदाहुँदै लाखौंको चोरी भएको सिंह परिवारको भनाइ छ ।

पटकपटक चोरी हुँदा पनि प्रहरीले चोर पत्ता लगाउन सक्रियता नदेखाएको भन्दै सिंह परिवारले कसरी सुरक्षित रहने भन्ने चिन्ता बढाएको गुनासो गरिन् ।

पछिल्लो पटक सिंहको घरमा भएको चोरी घटनाबारे जानकारी आएको तथा सो अपराधमा संलग्नको खोजी कार्य भईरहेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

# अदालतबाट जारी परमादेश कार्यान्वयनको माग

**टुडे समाचारदाता**

राजविराज । हुलाकी राजमार्ग सडक विस्तारका क्रममा गैरकानुनी ढंगले संरचना भत्काइएको भन्दै पीडित पक्षद्वारा दायर रिटमा अदालतबाट भएको परमादेश कार्यान्वयनको माग गरिएको छ ।

राजविराजमा मंगलबार पीडित जग्गाधनीहरुले पत्रकार सम्मेलन गरी हुलाकी सडक विस्तारका नाममा राजविराज नगरपालिकाले सडक मापदण्डमा नपरेका तथा नक्शा पास भइसकेका नम्बरी जग्गामा बनेको घर संरचना समेत भत्काएकोमा अदालतले जारी गरेको परमादेश कार्यान्वयनको माग गरेका छन् ।

२०८० भदौं २ गते भत्काइ दिएको भन्दै पीडितहरुका तर्फबाट राजविराज नगरपालिका- ३ का बच्चु मण्डल, गौरी शंकर साह, सतीशचन्द्र झा, इन्द्रनारायण साह र परमेश्वर प्रसाद रौनियार न्यायका लागि उच्च अदालत जनकपुर-राजविराजमा रिट दायर गरेका थिए ।

राजविराज नगरपालिकाको कार्यालयका कार्यवाहक नगर प्रमुख इसरत परवीन, वडा नं. ३ का वडाअध्यक्ष अनिल कुमार दास, वडा नं.८ का वडा अध्यक्ष जयनारायण मण्डल, नापी कार्यालय, नापी टोली प्रमुख तथा हुलाकी राजमार्ग निर्देशनालय योजना कार्यालय इटहरी सुनसर 'सिमेतलाई विपक्षी बनाई उनीहरुद्वारा दायर रिट उपर सुनवाइ गर्दै न्यायाधीश पूर्णप्रसाद राजवंशी र विमल सुवेदीको संयुक्त इजलासले २०८० फागुन १३ गते परमादेश जारी गरेको थियो ।

सो परमादेशमा वडा नं.३ अन्तर्गत हुलाकी राजमार्ग कञ्चनपुर रोड विस्तारका क्रममा सर्वे नापी नक्शा भएको सडकलाई आधार मानी फिल्डमा रहेको साविक सडकको केन्द्र विन्दुबाट दुवैतर्फ समानुपातिक रुपमा बराबर पर्ने गरी सडकको विस्तार एवं निर्माण गर्नु/गराउनु भनी उल्लेख गरिएको छ । तर, अदालतको सो परमादेश कार्यान्वयन हुन नसकेको पीडित जग्गाधनीहरुको गुनासो छ ।




उनीहरुले सडकको मध्य प्वाइन्टबाट दुवै तिर बराबरी तोड्नु पर्नेमा कसैलाई लाभ र कसैलाई हानी पुऱ्याउने नियतले एक पक्षीय रुपमा दक्षिण तर्फका मात्र घर टहरा भत्काइएको गुनासो गरेका छन् ।

सो पत्रकार सम्मेलनमा पीडित मध्येका एक बच्चु मण्डलले नगर र वडा कार्यालयले जारी गरेको सात दिने सूचनाको म्यादसमेत नपुर्दै कार्यवाहक मेयर इसरत परवीन र वडा अध्यक्ष जयनारायण मण्डलको अगुवाइमा डोजरसहित आएका टोलीले घरहरु धमाधम भत्काउन थालेको बताए ।

उनले म्याद बाकी छँदै तोडफोड सुरु गर्दा त्यस वडाका अधिकांश व्यक्तिले आफ्नो घरबाट मालसमान समेत झिक्न नपाएको बताए । अर्का पीडित मो.गणि खाँले नम्बरी र नक्शा पाससमेत भएको सो वडाका इन्द्र नारायण साह, नुरजहाँ वेगम र जगत भन्सालीको पनि घर भत्काइएको बताए ।

एकातिर तोकेको म्याद सकिनु अगावै र अर्को तिर नम्बरी जग्गामा बनेको घर टहरा भत्काउनु गैरकानुनी र ज्यादती रहेको उनले बताए ।

सोही वडाका इन्द्र नारायण साहले हाल कायम रहेको कञ्चनपुर रोड कालोपत्रे सडकको मुख्य विन्दुको बीचबाट दायाँ-बाया बराबर जग्गा लिई हुलाकी सडक विस्तारको काम अघि बढे कुनै आपत्ति नरहको बताए । तर एक पक्षलाई पेल्ने गरी गैरकानूनी ढंगले अघि बढाइएको निर्माण कार्य कुनैपनि हालतमा स्वीकार नहुने उनले बताए ।

# कटुवा पेस्तोलसहित एक पक्राउ

**टुडे समाचारदाता**

जनकपुरधाम । कटुवा पेस्तोलसहित एक जनालाई प्रहरीले पक्राउ गरेको छ ।



जनकपुरधाम उपमहानगरपालिका- १ स्थित भानु चोकबाट एक थान कटुवा पेस्तोलसहित एकजना भारतीय नागरिकलाई प्रहरीले पक्राउ गरेको छ। पक्राउ पर्नेमा भारत बिहारको मधुवनी जिल्ला बेनिपट्टी पंचायत सेरसवका १९ वर्षीय राजा कुमार ठाकुर रहेका छन् ।

जनकपुरधाम उप-महानगरपालिका- १ स्थित भानु चोकबाट रेल्वे स्टेशन तर्फ आउँदै गरेको बिआर३२ एटी १८७४ नं. भएको टिभिएस मोटरसाइकलमा सवार तीन जनालाई ट्राफिक प्रहरी पोष्ट रेल्वेबाट प्रहरी सहायक निरीक्षक शम्भू राय यादवको कमाण्डमा खटिएको ट्राफिक प्रहरीले सडकखण्डमा रोकी चेकजाँचको क्रममा सवारी चालकले कागजपत्र लिएर आउँछु भनि गएकोमा सो व्यक्तिहरू नआएपछि शंका लागेर मोटरसाइकलको डिकी खानतलासी गर्दा कपडामा बेरिराखिएको १ थान कटुवा पेस्तोल फेला परेको धनुषा प्रहरीका प्रहरी उपरीक्षक भुवनेश्वर तिवारीले जानकारी दिए ।

आरोपित फरार भएपछि नगराइन नगरपालिका- २ बाट पक्राउ गरी ल्याएको उनले बताए। उनीमाथि हातहतियार खरखजाना मुद्दामा आवश्यक अनुसन्धान भइरहेको उनले बताए । सो घटनामा फरार २ जनाको खोजी कार्य भइरहेको जनाइएको छ ।

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८